# स्थानीय विषयको पाठ्यक्रम

# २०७५



गोकर्णेश्वर नगरपालिका

शिक्षा, युवा तथा खेलकुद शाखा

जोरपाटी, काठमाडौँ

# स्थानीय विषयको पाठ्यक्रम २०७५



**गोकर्णेश्वर नगरपालिका**

शिक्षा, युवा तथा खेलकुद शाखा

जोरपाटी, काठमाडौँ

## स्थानीय विषयको पाठ्यक्रम निर्माण समिति

| | | |
|---|---|---|
| १. | श्री कृष्ण प्रसाद नेपाल | – संयोजक |
| २. | श्री दीपकसिंह भण्डारी | – सदस्य |
| ३. | डा. लक्ष्मण आचार्य | – सदस्य |
| ४. | श्री ऋषिकेश बराल | – सदस्य |
| ५. | श्री दिवाकर प्रसाद भण्डारी | – सदस्य |
| ६. | श्री गीता सिंखडा | – सदस्य |
| ७. | श्री रामनारायण शाह | – सदस्य सचिव |

**प्रकाशक** : गोकर्णेश्वर नगरपालिका,
शिक्षा, युवा तथा खेलकुद शाखा
जोरपाटी, काठमाडौँ

**सर्वाधिकार** : प्रकाशकमा

**प्रकाशन** : पुर्नमूद्रण २०७९

**प्रति** : ५०० (पाँच सय)

# भूमिका

बालबालिकामा अन्तरनिहित प्रतिभाको पहिचान गराई सामाजिक कार्यमा रुपान्तरण गर्न र सभ्य, शिष्ट, मर्यादित तथा चरित्रवान् नागरिक तयार पार्ने मुख्य भूमिका शिक्षाको रहेको हुन्छ । आफ्नो स्थानीय परिवेशमा रहेका कला, धर्म, संस्कृति तथा मौलिकताको पहिचान नगरी राष्ट्र र राष्ट्रियताको विकास गर्न कठिन हुन्छ । स्थानीय क्षेत्रको विकास नभई समग्र राष्ट्रको विकास हुन सक्दैन । अन्तर्राष्ट्रिय क्षेत्रमा भइरहेको सूचना प्रविधि तथा ज्ञानविज्ञानको विकासले स्थानीय कला, धर्म, संस्कृति तथा मौलिकताहरु ओझेलमा पर्दै जान थालेका छन् । यही क्रम जारी रहेमा हाम्रो सभ्यता र मौलिकतालाई इतिहासका पानामा खोज्नु पर्ने हुन्छ ।

आज परिस्थिति बदलिएको छ । केन्द्रले बनाएको पाठ्यक्रमले स्थानीय तहका सबै किसिमका आवश्यकतालाई सम्बोधन गर्न सक्दैन । यसै तथ्यलाई मध्यनजर गरी पाठ्यक्रम विकास केन्द्रले पनि स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी लागु गर्ने जिम्मेवारी स्थानीय निकायलाई नै तोकेको छ । विद्यालय शिक्षा सम्बन्धी अधिकार स्थानीय निकायमा पनि आइसकेको छ । ।

गोकर्णेश्वर नगरपालिका विविध जातजाति धर्म सम्प्रदायका मानिसको बसोबास रहिआएको क्षेत्र हो । प्राचीन धर्म, कला, सस्कृतिले यो क्षेत्र समृद्ध रहेको छ । ऐतिहासिक तथा पर्यटकीय हिसाबले पनि यो क्षेत्र उत्तिकै महत्वपूर्ण रहिआएको छ । यस्ता प्राकृतिक तथा साँस्कृतिक सभ्यता र धरोहरको पहिचान, अध्ययन अध्यापनबाट सुसंस्कार, सभ्यता र सद्व्यवहारको विकास गराउन सकिन्छ । आज नैतिकता, इमान्दारिता र असल आनीबानीको खडेरी पर्दै गएको समयमा हाम्रो परम्परा, संस्कृति र सभ्यतासँग आजका पुस्तालाई जोड्नु परेको छ । आज हामी विश्वमा हाम्रै प्राचीन कला संस्कृतिका कारणले चिनिएका छौं । हिजोका पुर्खाले गरेका कामको पौरख गर्नु र तिनको संरक्षण र संबर्द्धन गर्ने सीपयुक्त, जागरुक, परिश्रमी र चरित्रवान् नागरिक तयार पार्न ढिलो भइसकेको छ । यसै तथ्यलाई हृदयङ्गम गरी यो स्थानीय विषयको पाठ्क्रम निर्माण गरी जारी गरिएको छ । यो पाठ्यक्रम २०७६ को शैक्षिक सत्रदेखि सामुदायिक तथा संस्थागत सबै विद्यालयमा पठनपाठनको व्यवस्था मिलाई कार्यान्वयनमा ल्याइने छ । यसका लागि निर्वतमान नगर प्रमुख श्री सन्तोष चालिसे ज्यूको संयोजकत्वमा रहेको सल्लाहकार समिति, अरुणोदय माध्यमिक विद्यालयका प्र. अ. श्री कृष्ण प्रसाद नेपालको संयोजकत्वमा रहेका पाठ्यक्रम निर्माण समितिलाई विशेष धन्यवाद दिन चाहन्छौ । उहाँहरुको अहोरात्र खटाइको परिणामले मात्र यो गहन कार्य सरल हुन गएको हो । यसै गरी निवर्तमान उप-प्रमुख श्री शान्ति नेपाल, वडाका वडाध्यक्षहरु, प्रधानाध्यापक, प्रिन्सिपल, शिक्षाविद्, साहित्यकार, शिक्षाप्रेमी सम्पूर्णले आ-आफ्ना स्थानबाट पुऱ्याउनु भएको सहयोगप्रति आभारी छौं । पस्तुत पाठ्यक्रमलाई थप समूह समसायीक र उपयोगी बटाउनु आवश्यक सुझाव तथा सल्लाह दिनुहुन सबै सरोकारवालाहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

२०७९ असार

गोकर्णेश्वर नगरपालिका
जोरपाटी, काठमाडौं

# खण्ड क

# स्थानीय विषयको पाठ्यक्रमको आधारभूत पक्ष

**स्थानीय विषयको पाठ्यक्रम**

१. परिचय : आज संसारमा ज्ञान विज्ञान र प्रविधिका क्षेत्रमा तिव्र विकास भइरहेको छ । ज्ञानको बिस्फोट नै भइरहेको छ । आफ्नो कला, धर्म, संस्कृति र मौलिकता लोप हुँदै र हराउँदै गइरहेका छन् । आफ्नोपन मूल्यमान्यता र संस्कारहरु ह्रास हुँदै गइरहेका छन् । मान्छेले आफ्नो मौलिकतालाई गुमाउन थालेको छ । मानिस आफूले आफूलाई चिन्न सक्नुपर्छ । यसै तथ्यलाई मध्यनजर गरी स्थानीय विषयवस्तु धर्म, कला, संस्कृति इतिहास, प्राकृतिक स्रोतसम्पदाको संरक्षण संबर्द्धन गर्ने उद्देश्यले यो स्थानीय विषयको पाठ्यक्रम तयार पारिएको छ ।

पाठ्यक्रम पाठ्यपुस्तक निर्माणको महत्वपूर्ण आधार हो । यो औपचारिक शिक्षाको पथप्रदर्शक पनि हो । स्थानीय स्तरमा स्थानीय सरोकारवालाहरुको सहभागिता र सक्रियताको आधारमा स्थानीय आवश्यकता अनुसार स्थानीय विषयवस्तुहरु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ । प्राथमिक तहको पाठ्यक्रम २०४९ ले १०० पूर्णाङ्कको स्थानीय परिवेशअनुसार मातृभाषा वा स्थानीय विषय राख्न निर्देश गरे तापनि लागु हुन सकेको थिएन । प्राथमिक शिक्षा पाठ्यक्रम २०६३ ले यसलाई कार्यान्वयनमा ल्याउन अझ मद्दत गरेको छ ।

२. स्थानीय विषयको पाठ्यक्रमको आवश्यकता :
गोकर्णेश्वर नगरपालिका काठमाडौं जिल्लाको उत्तर पूर्वी क्षेत्रमा अवस्थित छ । यहाँको भौगोलिक, साँस्कृतिक, भाषिक, जातीय आदि कुराहरुमा विविधता छ । यहाँ पनि विभिन्न ठाउँमा विभिन्न किसिमका धार्मिक, ऐतिहासिक, पुरातात्विक स्रोतसम्पदाहरु छन् । यस्ता महत्वपूर्ण स्रोतसम्पदाहरुको बारेमा जानकारी र सूचना दिनु, प्रविधि सम्बन्धि शिक्षा दिनु आवश्यक भइसकेको छ । यहाँका मानिसहरुका आवश्यकता र चाहनाहरु फरकफरक छन् । केन्द्रले निर्माण गरेको पाठ्यक्रमले सबै अंश सबै क्षेत्र समेट्न नसक्ने भएको हुनाले स्थानीय विषयको पाठ्यक्रमको आवश्यकता देखिएको हो । स्थानीय विषयको पाठ्यक्रमको आवश्यकतालाई बुँदागत रुपमा यसरी औंल्याउन सकिन्छ ।

- सामाजिक विभिन्नता अनुरुपको पाठ्यवस्तुलाई बढावा गर्न,
- स्थानीय आवश्यकता बुझी तिनलाई पूरा गर्न सहयोग पुऱ्याउन,
- स्थानीय तहमा रहेका महत्वपूर्ण चाडपर्व, स्थान विशेष, कलाकौशल, व्यवसाय घरेलु उद्योग, प्राकृतिक स्रोतको उचित संबर्द्धन, संरक्षण र परिचालन गर्न,
- पाठ्यक्रमलाई बढी उपयोगी र सान्दर्भिक बनाउन,
- स्थानीय तहका व्यक्ति र संस्थाको सक्षमाता अभिवृद्धि गर्न ।

**स्थानीय पाठ्यक्रम निर्माणका चरण**

पाठ्यक्रम विकासका लागि अपनाउनु पर्ने चरण जस्तै यस विषयको पाठ्यक्रम निर्माणका लागि निम्न चरणहरु अनुशरण गरिएका छन् ।

- आवश्यकता पहिचान
- सक्षमता निर्धारण
- विषयवस्तु छनोट
- विधा र क्षेत्र निर्धारण
- विषयवस्तुको विस्तृतीकरण
- शिक्षणको माध्यम
- शिक्षण प्रक्रिया-(शैक्षिक सामग्री, क्रियाकलाप र विधि)
- समय निर्धारण
- विद्यार्थी मूल्याङ्कन
- प्रयोगात्मक कार्य

**आवश्यकता पहिचानका संभाव्य क्षेत्रहरु :**

**सामाजिक अध्ययन :**

क. ऐतिहासकि क्षेत्र : स्थानीय तहमा रहेका पुरातात्त्विक महत्त्वका स्थल तथा वस्तुहरु, स्थानीयस्तरका ऐतिहासिक वस्तुहरु, व्यक्तिहरु

ख. सांस्कृतिक क्षेत्र : धार्मिक महत्त्वका स्थल, वस्तु, स्थान, चाडपर्व र संस्कारहरु, वेशभूषा, रहनसहन, उत्सव, स्थानीय लोक संस्कृति, कलाकौशल आदि ।

ग. भौगोलिक एवम् प्राकृतिक क्षेत्र : पर्यटन स्थल, प्राकृतिक स्रोतहरु –वनजङ्गल, नदीनाला, ताल, पशुपंक्षी, जनावर, पहाड आदि ।

घ. आर्थिक क्षेत्र : विभिन्न पेसा व्यवसाय, उद्योगहरु र आर्थिक क्रियाकलाप सम्बन्धी विषयवस्तुहरु,

ङ. जातजाति, भाषाभाषी क्षेत्र : जाति, जनजाति र तिनीहरुको भाषा आदि,

च. स्वास्थ्य क्षेत्र : फोहर मैला व्यवस्थापन, खानेपानी, खोपहरु, प्राथमिक उपचार आदि ।

छ. वातावरण क्षेत्र : वृक्षरोपण, प्राकृतिक प्रकोप, –वनजङ्गल संरक्षण आदि ।

ज. शैक्षिक क्षेत्र : साहित्य, साक्षरता, चेतना आदि ।

**३ सक्षमता निर्धारण :**

(क) शिक्षाका राष्ट्रिय सक्षमताहरू निम्नानुसार छन् :

१. प्रत्येक व्यक्तिमा अनतिर्नहित प्रतिभा र व्यक्तित्व विकासका सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने

२. प्रत्येक व्यक्तिमा निहित सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय संस्कृति र अस्मिता, सामाजिक मान्यता र आस्थाहरू को संवर्द्धन गरी जीवन्त अनुभवहरू समेट्दै स्वस्थ सामाजिक तथा सामूहिक जीवन पद्धतिको विकास गर्न, चरित्रवान् एवम् नैतिकवान् नागरिक तयार गर्ने

३. स्थानीय र राष्ट्रिय स्तरका व्यवसाय पेसा एवम् रोजगारीका साथै आवश्यकतानुसार अन्तरराष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्न सहयोग गर्ने

४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने

५. समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्ने

६. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्ने

७. सामाजिक समानता र न्यायबारे चिन्तन गर्दै तदनुरूपको आचरण विकास गर्ने र समावेशी र एकताबद्ध समाज निर्माणमा मद्दत गर्ने

८. स्थानीय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिवेशअनुकूल शान्ति, मैत्री, सद्भाव, सहिष्णुता र विश्व बन्धुत्वको भावनाको विकास गरी तदनुरूपको आचरण गर्ने गराउने र हरेक प्रकारका द्वन्द्व व्यवस्थापनका लागि सक्षम नागरिक तयार गर्ने

९. आधुनिक सूचना प्रविधिसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

१०. राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मानव अधिकारप्रति सम्मान गर्ने, समालोचनात्मक तथा रचनात्मक सोच भएका, स्वाभिमानी तथा अरूलाई सम्मान गर्ने र आफू नेपाली भएकोमा गौरव गर्ने नागरिक तयार गर्ने

११. नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्न मद्दत गर्ने

## ४ तहगत सक्षमता

आधारभूत शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा बाल बालिकामा अनतिर्नहित प्रतिभाको विकास गर्नुपर्छ । यसको मूल उद्देश्य राष्ट्र र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्द्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा ग्रहण गरिसकेका बालबालिकाहरू आफ्ना विचारहरू आदानप्रदान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुने छन् । आधारभूत शिक्षाका सक्षमताहरू निम्नबमोजिम रहेका छन् :

स्थानीय विषयको आधारभूत तहको सक्षमता

१ गोकर्णेश्वर नगरपालिकाको भौगोलिक तथा प्राकृतिक स्वरुपको पहिचान र वर्णन गर्न,

२ नगरपालिकाभित्र रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलको पहिचान गर्न । तिनीहरुको उपयोगिता र महत्त्व बताउन,

३ नगरपालिकाभित्र रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलको अवलोकन भ्रमण गर्न र त्यसबाट मनोरञ्जन लिन,

४ स्थानीय तहमा लाग्ने जात्रा, चाडपर्व, मेला आदिको बारेमा बताउन, तिनीहरुको अवलोकन गरी वर्णन गर्न तथा मनोरञ्जन लिन,

५ स्थानीय तहमा सञ्चालित उद्योगधन्दा, पेसा व्यवसायको जानकारी लिन, अवलोकन गर्न, संरक्षण तथा संबर्द्धनका उपायहरु बताउन,

६ विद्यालय स्वास्थ्य तथा पोषणका बारेमा जानकारी लिन, यसलाई व्यवहारमा उपयोग गर्न र विद्यालय सरसफाइमा सहभागी हुन,

७ हरित वातावरण -बाल बगैँचा (जन्म दिनमा गमलामा फूल रोप्न वृक्षरोपण गर्ने ) तिनीहरुको, संरक्षण तथा संबर्द्धन सम्बन्धी कार्य गर्ने,

८ असल संस्कार आनीबानी तथा आचरण सम्बन्धी जानकारी प्राप्त गर्न, तिनीहरुको उपयोगिता र महत्त्व बताउन तथा त्यस्ता आचरणको अभ्यास गर्न,

९ रचनात्मक कार्यको पहिचान र अभ्यास गर्न ।

**५ समय व्यवस्थापन :**

एक शैक्षिक सत्रमा ३२ हप्ता पठनपाठन सञ्चालन हुने छ । ४५ मिनटको समयलाई एक घन्टी मानी हप्तामा ४ घन्टीका दरले ९६ घण्टा वा १२८ घन्टी कक्षा सञ्चालन गर्नुपर्ने छ । यसमध्ये सैद्धान्तिक पक्षका लागि ६४ घन्टी र प्रयोगात्मक कार्यका लागि ६४ घन्टी शिक्षण गर्ने व्यवस्था मिलाउनु पर्ने छ ।

**६ शिक्षणको माध्यम :** नेपाली हुनेछ ।

**७. सिकाइ सहजीकरण प्रक्रिया :**

आधारभूत तहमा सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधिमा जोड दिनुपर्ने छ । सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता भएका, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी शिक्षण प्रक्रिया अपनाउनुपर्ने छ । साधारण, संस्कृत, गुरुकुल विद्याश्रम, गोन्पा (गुम्बा) तथा विहार र मदरसा शिक्षाका पठन पाठनमा आवश्यकताअनुसार कम्प्युटर प्रविधिको पनि उपयोग गर्नुपर्ने छ । यसका लागि शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने छ ।

२. पठनपाठमा कम्प्युटर प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्न सकिने छ ।

३. सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्ने छ ।

# खण्ड ख

# विद्या क्षेत्र, पाठ्यक्रम विस्तृतीकरण

## १. विधा, क्षेत्र, क्रम र पाठ्यभार निर्धारण

| क.सं. | विधा / क्षेत्र र क्रम | पाठ सङ्ख्या | पाठ्यभार सैद्धान्तिक/प्रयोगात्मक |
|---|---|---|---|
| १ | भौगोलिक तथा प्राकृतिक स्वरुप, वनजङ्गल, नदी ताल | २ | ७ + ७ = १४ |
| २ | धार्मिक स्थल, मन्दिर, गुम्बा, चैत्य, विहार, आश्रम, मस्जिद आदि | २ | १० + १० = २० |
| ३ | ऐतिहासिक तथा पर्यटकीय स्थल | १ | ६ + ६= १२ |
| ४ | भाषा, धर्म, कला, संस्कृति, जात्रा, पर्व, मेला आदि | २ | १०+ १० = २० |
| ५ | आर्थिक क्रियाकलाप/पसा, उद्योग, व्यवसाय /विकास निर्माणका योजना, कार्य आदि | २ | ६+ ६ = १२ |
| ६ | असल संस्कार/आनीबानी तथा आचरण/योग शिक्षा र अभ्यास | २ | ७+ ७ = १४ |
| ७ | विद्यालय स्वास्थ्य तथा सरसफाइ / | १ | ६+ ६ = १२ |
| ८ | हरित वातावरण निर्माण/बालवगैंचा / वृक्षरोपण | १ | ६+ ६ = १२ |
| ९ | स्थानीय संघ संस्था र व्यक्ति पहिचान र योगदान रचनात्मक कार्य | १ | ६+ ६ = १२ |

## २. पाठ्यक्रम विस्तृतीकरण

| क्र. सं. | क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| १. | भौगोलिक तथा प्राकृतिक स्वरुप पाठ्यभार ७+७ | आफू बसेको स्थानको नाम, वडाको नाम बताउन | गोकर्णेश्वर नगरपालिका वडाहरु बताउन गोकर्णेश्वरभित्र पर्ने वन जङ्गल, नदीको नाम तथा विवरण दिन | गोकर्णेश्वर नगरपालिकाको भौगोलिक तथा प्राकृतिक स्वरुपको पहिचान, गोकर्णेश्वर नगरपालिकाको सङ्क्षिप्त परिचय | शिवपुरी जलाधार क्षेत्रको पहिचान र फाइदाहरु बताउन | वाग्मती नदीको परिचय र महत्व र सफा राख्ने तरिका सम्बन्धि अध्ययन |
| २. | धार्मिक स्थल, मन्दिर, गुम्बा, चैत्य, आश्रम, मस्जिद आदिको पहिचान पाठ्यभार १०+१० | गोकर्णेश्वर नगरपालिकाभित्र पर्ने मन्दिर, गुम्बा चैत्य, धार्मिक स्थल आदि कुनै १० ओटाको सचित्र परिचय तामाङ, शेर्पा जातिका वेशभूषा पहिरनको सचित्र परिचय दिन । | चामुण्डादेवीको स्थानको सङ्क्षिप्त परिचय दिन आदि बताउन तामाङघ्याङ, जम्बु डाँडाको परिचय दिन, तामाङ जातिको जन्म मृत्यु संस्कारका बारेमा बताउन | देशे गाउँ, तलेजु भवानी, स्तुपा, चिवा, महाँकाल स्थान, भीमसेन, सरस्वती आदिको परिचयसहित देशे गाउँमा लाग्ने विशेष जात्रा पर्व मेलाहरु | सुन्दरी माइको सङ्क्षिप्त परिचय प्रस्तुत गर्न । गुरुकुल/मदरसा कुनै एकको परिचय प्रस्तुत गर्न | उत्तरवाहिनी मन्दिरको परिचय प्रस्तुत गर्न बुद्ध धर्मको परिचय, उपयोगिता र महत्व |
| ३. | ऐतिहासिक तथा पर्यटकीय स्थल | गोकर्णेश्वर नगरपालिकाभित्रका | गोकर्ण क्षेत्रको ऐतिहासिक परिचय | खगेन्द्र नवजीवन केन्द्रको परिचय र | सुन्दरीजल विद्युत उत्पादन केन्द्रको सङ्क्षिप्त परिचय | पर्यटकीय हिसावले |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पाठ्यभार ६+६ | ऐतिहासिक तथा पर्यटकीय कुनै दस स्थलको सचित्र परिचय प्रस्तुत गर्न | प्रस्तुत गर्न गोकर्णेश्वर भित्रका ऐतिहासिक, धार्मिक प्राकृतिक सम्पदाहरुको जानकारी | परोपकार आर्सनल/टक्सारको परिचय | उत्तरवाहिनी/कान्तिभैरवको परिचय | सुन्दरीजल/गोकर्णेश्वरको होम स्टे आदिको सम्भावनासहित सङ्क्षिप्त सम्भावना सहित सङ्क्षिप्त परिचय |
| ४. | भाषा र संस्कृति पाठ्यभार १०+१० | गोकर्णेश्वरभित्रका जातजाति र तिनीहरुले बोल्ने भाषाको सूची बताउन | नेवारी बाजा, संस्कृतिको सामान्य परिचय तथा कुनै एक जात्राको वर्णन | गाईजात्राको परिचय विशेषता र महत्व | श्रावणी मेलाको परिचय, विशेषता, महत्व आदि | कुशे औंसी मेलाको परिचय, विषेशता, महत्व आदि । |
| ५. | आर्थिक क्रियाकलाप पेसा उद्योग व्यवसाय विकास निर्माण पाठ्यभार ७+७ | गोकर्णेश्वर नगरपालिकाभित्र बनेका मुख्य मुख्य सडक, मेलम्ची खानेपानी आयोजनाको पानी सञ्चय पोखरी, अस्पताल, विद्यालयको सचित्र जानकारी | घरेलु उद्योगको परिचय, गोकर्णेश्वर भित्रका मुख्य मुख्य विकास निर्माणका कार्यहरुको सङ्क्षिप्त परिचय | गलैचा उद्योगको परिचय, आवश्यकता र महत्व बताउन | स्वास्थ्यसँग सम्बन्धित नेपाल मेडिकल कलेज, अर्थोपेडिक अस्पताल, शंकरापुर अस्पताल, ग्रामिण स्वास्थ्य केन्द्र जस्ता स्वास्थ्यको सङ्क्षिप्त परिचय | सुन्दरीजल खानेपानी योजनाको सङ्क्षिप्त परिचय, आवश्यकता र महत्व |
| ६. | असल संस्कार, आचरण, आनीबानी | शिष्टाचारको पालना गर्न/नाता | शिष्टाचारयुक्त बानी व्यवहारको विकास | नैतिक शिक्षासँग सम्बन्धित मिठो | योग शिक्षाको परिचय, आवश्यकता र महत्व | साधारण योग अभ्यास गर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | र अभ्यास पाठ्यभार ७+७ | सम्बन्ध बताउन | सम्बन्धी परिचय, आवश्यकता र महत्व | बोल्ने सकारात्मक बानी विकास सम्बन्धि परिचय | | तरिका प्रस्तुत गर्न |
| ७. | विद्यालय स्वास्थ्य तथा सरसफाइ पाठ्यभार ६+६ | शारीरिक सफाइको परिचय र अभ्यास | आफ्नो व्यक्तिगत सरसफाइको आवश्यकता र महत्व, पाठ्यपुस्तक शैक्षिक सामाग्री, व्यक्तिगत सामाग्रीको हिफाजत गर्ने तरिका सम्बन्धि अध्ययन | आफ्नो कक्षा कोठा तथा विद्यालयको ग्राउन्ड तथा वरिपरि सरसफाइ राख्ने तरिका र अभ्यास | दिउसो विद्यालय समयको खाजापानी आदिको परिचय आवश्यकता र स्वस्थ रहने तरिका प्रस्तुत | जङ्कफुड र त्यसबाट हुने हानीका कुराहरु |
| ८ | हरित वातावरण निर्माण, बाल बगैँचा वृक्षरोपण ६+६ | बाल बगैँचाको परिचय | विद्यालयमा बाल बगैँचाको आवश्यकता र महत्त्व | विद्यालयमा बाल बगैँचा निर्माणका तरिका सिक्न | जन्मोत्सव, उत्सव, महत्तवपूर्ण दिनमा विक्षरोपण गर्ने बानीको विकास | बाल बगैँचा निर्माण, वृक्षरोपण, संरक्षण र नदि किनारको सरसफाइ आदि सम्बन्धी अभ्यास |
| ९ | रचनात्मक कार्य ६+६ | गोकर्णेश्वर नगरपालिका भित्रका धार्मिक, प्राकृतिक, भौतिक सम्पदाको चित्र कोर्न, मौखिक वर्णन गर्न, स्थानीय लोक गीत नृत्य आदि प्रस्तुत गर्न | गोकर्णेश्वर नगरपालिका भित्रका धार्मिक, प्राकृतिक, भौतिक सम्पदाको चित्र कोर्न, मौखिक, लिखित वर्णन गर्न, स्थानीय लोक गीत नृत्य आदि प्रस्तुत गर्न | गोकर्णेश्वर नगरपालिका भित्रका धार्मिक, प्राकृतिक, भौतिक सम्पदाको चित्र कोर्न, वर्णन गर्न, लेख रचना कथा, कविता, निबन्ध आदि रचना | गोकर्णेश्वर नगरपालिका भित्रका धार्मिक, प्राकृतिक, भौतिक सम्पदाको चित्र कोर्न, वर्णन गर्न, लेख रचना कथा, कविता, निबन्ध आदि रचना गर्न ।, स्थानीय लोक गीत नृत्य आदि प्रस्तुत गर्न | गोकर्णेश्वर नगरपालिका भित्रका धार्मिक, प्राकृतिक, भौतिक सम्पदाको चित्र कोर्न, वर्णन गर्न, लेख रचना कथा, कविता, निबन्ध |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | गर्न ।, स्थानीय लोक गीत नृत्य आदि प्रस्तुत गर्न | | आदि रचना गर्न ।, स्थानीय लोक गीत नृत्य आदि प्रस्तुत गर्न |
| १० | | | | | | |

**कक्षा ६ – ८ को विषयवस्तुको क्षेत्र र क्रम**

| क्र.सं. | क्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|
| १ | भौगोलिक तथा प्राकृतिक स्वरुप, वनजङ्गल, नदी ताल | गोकर्णेश्वर नगरपालिकाको संरचना, परिचय र विवरण | गोकर्णेश्वर नगरपालिकाको प्राकृतिक स्रोत सम्पदाको परिचय र विवरण | गोकर्णेश्वरको प्राचीन सभ्यताको परिचय |
| २ | धर्मिक स्थल, मन्दिर, गुम्बा, चैत्य, विहार, आश्रम, मस्जिद आदि | २.१ उत्तरवाहिनी तथा कान्तिभैरवको परिचय र महत्त्व<br>२.२सेतो गुम्बा /वडा नं. ५मा रहेको गुम्बा | उत्तरगया धामको परिचय र धार्मिक सभ्यता<br>२.२ कपनगुम्बाको परिचय र महत्त्व | गुह्येश्वरीको परिचय र महत्त्व<br>२.२ वुद्ध जयन्ती र अष्टमार्गको परिचय र महत्त्व |
| ३ | ऐतिहासिक तथा पर्यटकीय स्थल | वागद्वारको परिचय र महत्त्व | यज्ञडोल (जगडोल) सहिदपार्कको सङ्क्षिप्त परिचय | वी. पी. सङ्ग्रहालयको सङ्क्षिप्त परिचय । |
| ४ | भाषा, धर्म, कला, संस्कृति, जात्रा, पर्व, मेला आदि | म्हः पूजाको परिचय र महत्त्व | ल्होसार पर्वको परिचय र महत्त्व | रक्षाबन्धन / जनैपूर्णिमाको परिचय र महत्त्व |
| ५ | आर्थिक क्रियाकलाप/पसा, उद्योग, व्यवसाय/विकास निर्माण्का योजना, कार्य आदि | गोकर्णेश्वर नगरपालिका भित्रका विकास निर्माणका कार्य र संभावना | खुर्पानी खेती/ग्राउण्ड एप्पल जस्ता फलफूलको संभावना र कुनै एकको खेती | मौरीपालन/वा होम स्टे सञ्चालन संभावना, महत्व र तरिका |

| | | | | |
|---|---|---|---|---|
| ६ | असल संस्कार/आनीबानी तथा आचरण/योग शिक्षा र अभ्यास | योग अभ्यास | योग अभ्यास | योग अभ्यास |
| ७ | हरित वातावरण निर्माण/बालवगैंचा/वृक्षरोपण | विद्यालय बालबगैंचाको संरक्षणको अभ्यास सम्बन्धी सङ्क्षिप्त परिचय | वृक्ष रोपण सम्बन्धी सङ्क्षिप्त परिचय | प्राकृतिक स्रोतसम्पदाको संरक्षणको अभ्यास |
| ८ | रचनात्मक कार्य | गोकर्णेश्वर नगरपालिका भित्रका धार्मिक, प्राकृतिक, भौतिक सम्पदाको चित्र कोर्न, वर्णन गर्न, लेख रचना कथा, कविता, निबन्ध आदि रचना गर्न ।, स्थानीय लोक गीत नृत्य आदि प्रस्तुत गर्न | गोकर्णेश्वर नगरपालिका भित्रका धार्मिक, प्राकृतिक, भौतिक सम्पदाको चित्र, नक्सा कोर्न, वर्णन गर्न, लेख रचना कथा, कविता, निबन्ध आदि रचना गर्न, , स्थानीय लोक गीत नृत्य आदि प्रस्तुत गर्न | गोकर्णेश्वर नगरपालिका भित्रका धार्मिक, प्राकृतिक, भौतिक सम्पदाको चित्र, नक्सा कोर्न, वर्णन गर्न, लेख रचना कथा, कविता, निबन्ध आदि रचना गर्न, , स्थानीय लोक गीत नृत्य आदि प्रस्तुत गर्न |
| ९ | स्थानीय साहित्यिक संघसंस्था र महत्त्वपूर्ण योगदान पुऱ्याउने साहित्यकारहरु | अभिनव साहित्य समाज र सुरभि साहित्यिक प्रतिष्ठानको परिचय | साहित्यकार रमेश विकल र विकल साहित्यिक प्रतिष्ठानको परिचय | साहित्यकार भैरब अर्याल र भैरब स्मृति प्रतिष्ठानको परिचय |

## कक्षा १ को स्थानीय विषयको पाठ्यक्रम विस्तृतीकरण

| क.सं. | क्षेत्र | सिकाइ सक्षमता | विषयवस्तु विस्तृतीकरण | शिक्षण क्रियाकलप | मूल्याङ्कन | पाठ्यभार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सै | प्र | कुल |
| १ | भैगोलिक तथा प्राकृतिक स्वरुप | आफू बसेको ठाउँ, वडा आदिको बारेमा बताउन । | आफू बसेको ठाँउको नाम, वडा नं. बताउन, आफू बसेको वडाका मन्दिर, स्कुल, बाटो आदि | ➢ दिइएको पाठ पढ्न लागाउन,<br>➢ तिमी कुन ठाउँमा बस्छौ भनेर पालैपालो सोध्ने र आएका उत्तरलाई ठूला अक्षरले कालो पाटीमा टिप्दै जाने<br>➢ चित्रहरुका सहायताले प्रसिद्ध स्थानका बारेमा प्रश्न सोध्ने | आफू बसेको ठाउँ सँग सम्बन्धित बनाई विभिन्न प्रश्न सोध्ने विद्यालय भएको वडाको भ्रमण गर्ने । | ७ | ७ | १४ |
| २ | धार्मिक स्थान पहिचान | गोकर्णेश्वर भित्रका धार्मिक स्थल, मठ मन्दिर मस्जिद आदि कुनै दस ओटाको पहिचान महत्व र योगदान बताउन | गोकर्णेश्वर भित्रका चामूण्डा देवी भगवती, राम मन्दिर, सुन्दरी माई, गोकर्णेश्वर महादेव, कधम्पा गुम्बा, सेतो गुम्बा, कपन गुम्बा आदिको नाम/तामाङ, शेर्पा जातिको वेशभूषा पहिरन सचित्र परिचय दिन | ➢ दिइएको पाठको पठन अभ्यास गराउने<br>➢ तिम्रो घर नजिकमा कुन कुन मन्दिर, मस्जिद, गुम्बा छन् पालैपालो प्रश्न सोध्ने र कालो पाटिमा टिप्दै जाने ।<br>➢ चित्रका सहायताले पैसिद्ध मन्दिर आदि चिनाउने | ➢ पाठसँग सम्बन्धित प्रश्नहरु सोध्ने<br>➢ आफूले देखाएका मन्दिर, मस्जिद आदि धार्मिक स्थलको नाम सोध्ने, सम्भव भए कुनै एक धार्मिक स्थलको भ्रमण गराउने । | १० | १० | २० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | एतिहासिक तथा पर्यटकीय स्थल | ऐतिहासिक तथा पर्यटकीय स्थलको सूची बनाउने | सुन्दरीजल, तारेभिर, सहिद पार्क मेलम्ची खाने पानीको पानी वितरण प्रणाली, , सुन्दरीजल जला विद्युत आयोजना, वीपी संग्राहलय आदि | ➢ दिइएको पाठसँग सम्बन्धित शिक्षण क्रियाकलाप गराई विद्यार्थीहरुलाई विभिन्न ऐतिहासिक तथा पर्यटकीय स्थलको नाम पालै पालो सोध्ने र कालो पाटीमा टिप्दै जाने सम्भव भए नजिकको कुनै एक स्थलको भ्रमण गराउने | पाठ सँग सम्बन्धित क्रियाकलाप गराउने विभिन्न ऐतिहासिक तथा पर्यटकीय स्थलको नाम भन्ने र लेख्न लगाउने | ६ | ६ | १२ |
| ४ | भाषा र संस्कृति | गोकर्णेश्वर नगरपालिका भित्र बस्ने विभिन्न जातजाति र तिनीहरुले बोल्ने भाषाको नाम बताउन | गोकर्णेश्वर नगरपालिका भित्र बसोबास गर्ने, ब्राहमण, क्षेत्री, तामाङ, नेवार, राई, मगर, ठकुरी, लिम्बु आदि /नेपाली भाषा सबैले बोल्ने साझा भाषा, तामाङ, नेवार आदि प्रचलनमा रहेका भाषा | ➢ पाठ सँग सम्बन्धित शिक्षण क्रियाकलाप गराउने<br>➢ कक्षाका विद्यार्थीहरुको जाति र भाषा पालैपालो सोध्ने, कालोपाटीमा टिप्दै जाने र छलफल गराउने, उनीहरुको बोल्ने भाषाको बारेमा सोध्ने र टिप्ने<br>➢ विदार्थीहरुलाई कालो पाटीमा लेखिएका कुरा | ➢ पाठसँग सम्बन्धित प्रश्न सोध्ने<br>➢ विद्यार्थीहरुको जाति र भाषाका बारेमा सोध्ने<br>➢ निरन्तर विद्यार्थी मूल्याङ्कनका साधनहरु उपयोगमा ल्याई प्रगति विवरण राख्दै जाने । | १० | १० | २० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भन्न र लेख्न लगाउने<br>➢ चित्रद्वारा विभिन्न जातजाति चिन्न र भन्न लगाउने | | | | |
| ५ | आर्थिक क्रियाकलाप तथा विकास निर्माण | विभिन्न पेसा व्यवसायको नाम बताउन आफ्नो वरिपरि भएका विकास निर्माणका कुरा बताउन | कृषि, शिक्षण, नोकरी, डकर्मी, सिकर्मी, जुलाहा, बुनकर आदि ।<br>चाबहिल साँखु सडक, जोरपाटी सुन्दरीजल सडक आरुबारी सडक मेलम्ची खानेपानी वितरण प्रणाली, तारेभिर केवलकार, फोहोर प्रशोधन केन्द्र फुटबल रङ्गशाला, क्रिकेट रङ्गशाला निर्माण आदि । | ➢ पाठसँग सम्बन्धित शिक्षण क्रियाकलप गर्ने,<br>➢ तिम्रो घर वरिपरि के के बनिरहेका छन् भनी सोध्ने र अएका जवाफ कलोपाटीमा टिप्दै जाने ।<br>➢ टिपिएका कुराहरुलाई भन्न र लेख्न लगाउने,<br>➢ गोकर्णेश्वर भित्र भइरहेका विभिन्न विकास निर्माणका कुराहरु बताइदिने । | विद्यार्थीहरुलाई उनीहरुका आमा, बुबा, दाजु, दिदीहरु के के काम गर्दछन् सोध्ने ।<br>उनीहरुको कक्षा कार्य गृहकार्य आदि अवलोकन गरी पोर्टफोलियोमा प्रगति विवरण राख्दै जाने । | ६ | ६ | १२ |
| ६ | असल संस्कार र वानी | शिष्टचारयुक्त शब्द प्रयोग गर्ने, लाइनमा लाग्ने हात उठाउने सोध्ने, सडकको पेटीबाट हिँड्ने, | नमस्कार, आफूभन्दा ठूलालाई गर्ने आदार, सानालाई गर्ने माया, साथी भाई सँग गर्ने व्यवहार, लाइनामा बस्ने, लाइन लागेर | ➢ पाठ सँग सम्बन्धित शिक्षण क्रियाकलाप बाल केन्द्रित विधिमा सञ्चालन गर्ने,<br>➢ विद्यार्थीहरुलाई पालैपालो नमस्कार | पाठ सँग सम्बन्धित अभ्यास गराउने, विद्यार्थीहरु लाइन बसेको अवलोकन गर्ने, स्टाचारका शब्द सोध्ने, सडक पेटीमा हिडेको | ७ | ७ | १४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | निर्देशन पालना गर्ने/नाता सम्बन्ध बताउन | हिँड्ने, कक्षामा हात उठाएर सोध्ने, सड्कमा पेटीमा हिँड्ने, निर्देश पालना अभ्यास | गर्न सिकाउने, बाबा, आमा अदिलाई तपाइ हजुर भन्न पर्छ भनि सिकाउने<br>➢ लाइन लाग्न, लाइनमा हिँड्न पालो पर्खन, सड्क पेटीमा हिड्ने तरिमा सिकाउने | अवलोकन गर्ने र प्रगति विवरण राख्ने, | | | |
| ७ | विद्यालय स्वास्थ्य | स्वस्थ रहने तरीका सिक्न | विद्यार्थीले दिउँसो खाजामा खान उपयुक्त हुने खानेकुरा चिउरा, तरकारी, रोटी, भुटेको, पोलेको मकै, आदि भन्न र खान नहुने चाऊचाऊ, चिजबल, खुल्ला बेच्न राखेका खानेकुरा आदि । | पाठ सँग सम्बन्धित शिक्षण कियाकलाप सञ्चालन गर्ने, विद्यार्थीहरुलाई पालैपालो उनीहरुले खाजामा खाने गरेको कुराहरु सोधि बोर्डमा टिप्दै जाने र खान उपयुक्त हुने र नहुने खानेकुरा छुट्याइदिने, खाजामा समावेश गर्न उपयुक्त हुने खाने कुराहरु बताइदिने । | पाठ सँग सम्बन्धित अभ्यास गराउने,<br>- उपयुक्त पौष्टिक स्वास्थ्य बर्दक खानेकुरा खाने बानी बस्यो कि बसेन अवलोकन गरी मूल्याङ्कन गर्ने । | ६ | ६ | १२ |
| ८ | हरित वातावरण बाल वगैंचा | हरित वातावराणको परिचय दिन, | घर वरिपरि हुने विरुवाको नाम भन्न, घर, विद्यालय वरिपरि | ➢ बाल केन्द्रित विधि अपनाउने,<br>➢ विद्यार्थीहरुलाई | ➢ पाठसँग सम्बन्धित अभ्यास गराउने ।<br>➢ विद्यार्थीहरुलाई ठोस | ६ | ६ | १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वृक्षरोपण | बगैँचा फूल बिरुवा रोप्न र संरक्षण | रोप्न सक्ने धुपी, कपुर वोधिचित्त वुक्ष, रुद्राक्ष, पारिजात, आदिको नाम भन्न र तुलसी, गुलाफ, सयपत्री, मखमली, हजारी सूर्यमुखी, लालुपाते आदि फूलको नाम | पालैपालो घर विद्यालय वरिपरि भएका बोटबिरुवाको नाम भन्न लगाउने, बोर्डमा टिप्ने, बोटबिरुवा मानिसका लागि आवश्यक हुने कुरा बताइदिने<br>➢ घर वरिपरि बगैँचामा रोप्न सकिने बोटबिरुवा फलफूल आदिको बारेमा छलफल गराउने । | वा चित्र वा सङ्केतका सहायताले विभिन्न वस्तु चिनाउने र कक्षा कार्य, गृहकार्य, प्रशेत्तर, अवलोकन आदिका माध्यमबाट मूल्याङ्कन गर्ने । | | | |
| ९ | रचनात्मक कार्य | गोकर्णेश्वरभित्रका धार्मिक ऐतिहासिक, पर्यटकीय स्थल आदिको अवलोकन गर्न प्राकृतिक, भौतिक, धार्मिक, साँस्कृतिक सम्पदाको जानकारी लिन | विद्यालय नजिक सहेका विभिन्न सम्पदाहरुको अवलोकन<br>सामान्य जानकारी<br>स्थानीय लोक नृत्य आदि । | विद्यार्थीहरुलाई नजिकको ऐतिहासिक धार्मिक, प्राकृतिक स्रोत सम्पदाको अवलोकन गराउने, त्यस सम्बन्धि मौखिक/लिखित प्रश्नोत्तर गराउने, स्थानीय लोक नृत्य आदिको अभ्यास गराउने र प्रस्तुत गर्न लगाउने । | ➢ पाठसँग सम्बन्धित अभ्यास गराउने । विद्यार्थीहरुलाई ठोस वा चित्र वा सङ्केतका सहायताले विभिन्न वस्तु चिनाउने र कक्षा कार्य, गृहकार्य, प्रशेत्तर, अवलोकन आदिका माध्यमबाट मूल्याङ्कन गर्ने । | ६ | ६ | १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | स्वतन्त्र रुपमा चित्र आदि बनाउन स्थानीय लोक गीत, नृत्य आदि प्रस्तुत गर्न । | | | | | | |

**कक्षा २ स्थानीय विषयको पाठ्यक्रम विस्तृतीकरण**

| क्र. सं. | क्षेत्र | सिकाइ सक्षमता | विषय विस्तृतीकरण | सम्भावित शिक्षण क्रियाकलाप | मूल्यांकन | पाठ्यभार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सं | प्र. | कुल |
| १. | गोकर्णेश्वर नगरपालिकाको भौगोलिक तथा प्राकृतिक स्वरुप | गोकर्णेश्व्र नगरपालिकाको सामान्य परिचय गोकर्णेश्वर भित्रका नदी, वनजङ्गल आदिको परिचय दिन | गोकर्णेश्वर नगरपालिकाको नक्सा, भौगोलिक स्वरुप, पहाडी भिरालो भाग, समथर सहर, शिवपुरी जलाधार आयोजना, सहिद पार्क, सफारी पार्क, वाग्मती नदी आदि । | बालकेन्द्रित विधि अपनाउने गोकर्णेश्वरको नक्सा प्रस्तुत गरेर वडाहरु बताउन लाउने, शिवपुरी, सहिद पार्क, सफारी पार्कमा रहेको जङ्गल, वाग्मती नदी आदिबाट प्राकृतिक सम्पदाको परिचय दिन । | मौखिक, लिखित प्रश्नोत्तर, समस्या समाधान, गृहकार्य, कक्षाकार्य, अवलोकन छलफल, अनुलेखन, श्रुतिलेखन आदि मूल्यांकन गर्न । | ७ | ७ | १४ |
| २. | धार्मिक स्थल मठमन्दिर, गुम्बा चैत्य आदिको | २.१ चामुण्डा देवीको सङ्क्षिप्त परिचय दिन | चामुण्डा देवी रहेको स्थान परिचय, चामुण्डा देवी स्थानमा लाग्ने | चामुण्डा देवीस्थानको सचित वर्णन गर्न लगाउने, चामुण्डा | मौखिक, लिखित प्रश्नोत्तर, समस्या समाधान, गृहकार्य, | १० | १० | २० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पहिचान | चामुण्डा स्थानमा लाग्ने जात्रा, मेला पर्वको जानकारी लिन<br>चामुण्डा देवीको धार्मिक महत्व आदि ।<br>गोकर्ण क्षेत्रको ऐतिहासिक परिचय, धार्मिक, सांस्कृतिक बताउन<br>गोकर्णेश्वरको नामाकरण बताउन, गोकर्णेश्वरको सभ्यता बताउन | विशेष जात्रा, पर्व, पूजा उत्सव धार्मिक महत्व र उपयोगिताको वर्णन ।<br>गोकर्णेश्वरको नामाकरण, मानव सभ्यताको विकास, ऐतिहासिक, धार्मिक महत्व आदि । | देवीस्थानमा लाग्ने जात्रा पर्व आदिको सूची बनाउने, धार्मिक महत्वको अनुलेखन, श्रुतिलेखन आदि क्रियाकलाप गराउने । शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्ने, प्रश्नोत्तर छलफल, पठनबोध अभ्यास आदिका माध्यमबाट शिक्षण गर्ने । | कक्षाकार्य, अवलोकन छलफल, अनुलेखन, श्रुतिलेखन आदिका माध्यमबाट मूल्यांकन गर्न । पठनबोध अभ्यास आदिका माध्यमबाट मूल्यांकन गर्ने । | | | |
| | | २.२. तामाङ घ्याङ जबमुडाँडाको, तामाङ जातिको धर्म, जन्म मृत्यु संस्कारको बारेमा बताउन । | तामाङ घ्याङ जम्बु डाँडाको परिचय, तामाङ जातिको जन्म मृत्यु संस्कार आदिको वर्णन । | बालकेन्द्रित विधि, शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्ने जम्बुडाँडा तामाङ घ्याङको चित्र देखाँउदै प्रश्नोत्तर गराउने, तामाङ जातिको जन्म मृत्यु संस्कारका बारेमा बताइदिने | मौखिक, लिखित प्रश्नोत्तर, समस्या समाधान, गृहकार्य, कक्षाकार्य, अवलोकन छलफल, अनुलेखन, श्रुतिलेखन आदि मूल्यांकन गर्न । | ६ | ६ | १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | मुख्य मुख्य कुरा बोर्डमा टिपेर छलफल गराउने । | पठनबोध अभ्यास आदिका माध्यमबाट मूल्यांकन गर्ने । | | | |
| ३. | ऐतिहासिक तथा पर्यटकीय स्थल | ३.१ खगेन्द्र नवजीवन केन्द्रको परिचय, खगेन्द्र बस्नेतको योगदान र खगेन्द्र नवजीवन केन्द्र भित्र रहेका संघ संस्थाको परिचय दिन । | खगेन्द्र नवजीवन केन्द्र रहेको स्थान, खगेन्द्र बस्नेतको परिचय, योगदान, खगेन्द्र नवजीवन केन्द्र भित्रका अन्य अपाङ्ग संघ, अर्थोपेडिक अस्पताल, खगेन्द्र नवजीवन केन्द्र स्कूल आदि । | खगेन्द्र नवजीवन केन्द्रको चित्र देखाउदै परिचय गराउने खगेन्द्र बस्नेतको सङ्क्षिप्त परिचय बताउने, खगेन्द्र नवजीवन केन्द्रभित्र रहेका संघसंस्थाको टिपोट गर्दै छलफल गराउने । | मैखिक, लिखित, प्रश्नोत्तर, समस्या समाधान, कक्षाकार्य, गृहकार्य, अवलोकन छलफल, रचनात्मक कार्य आदिबाट सिकाइ सक्षमताको मूल्यांकन गर्ने । | ६ | ६ | १२ |
| ४. | भाषा र संस्कृति | नेवार जातिको सामान्य परिचय दिन सक्ने, नेवार जातिले मनाउने विशेष जात्रा पर्वको बारेमा बताउन, नेवारी बाजाहरुको परिचय दिन । | नेवार जातिको सामान्य परिचय, भाषा, लिपि, भेषभूषा, जात्रा, पर्व, बाजा, आदिको पहिचान । | नेवार जातिका विभिन्न थरहरु उल्लेख गर्ने र बोर्डमा टिप्दै छलफल गराउने नेवार जातिका वेशभूषा पहिरन चिनाउने, जात्रा पर्व आदिको बारेमा बोर्डमा टिप्दै छलफल | मौखिक, लिखित प्रश्नोत्तर, समस्या समाधान, गृहकार्य, कक्षाकार्य, अवलोकन छलफल, अनुलेखन, श्रुतिलेखन आदि मूल्यांकन गर्न । | १० | १० | २० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | गराउने । | पठनबोध अभ्यास आदिका माध्यमबाट मूल्यांकन गर्ने | | | |
| ५. | आर्थिक क्रियाकलाप पेसा, उद्योग व्यवसाय विकास निर्माण | गोकर्णेश्वर भित्र सञ्चालित घरेलु उद्योगको परिचय दिन<br>मुख्य मुख्य विकास निर्माणका कार्यको परिचय<br>अन्य निर्माणका कार्यहरु | गोकर्णेश्वरभित्र सञ्चालित गलैचा उद्योग, माटाका भाँडा बनाउने, तेल मिल, राइस मिल जस्ता उद्योग धन्दा, मुख्य मुख्य विकास निर्षका कार्य, सडक यातायात, खानेपानी सहिदपार्क आदि । | विद्यार्थीहरुलाई घरेलु उद्योगको परिचय दिँदै उनीहरुले देखेका बुझेका घरेलु उद्योगको नाम टिप्दै जाने र छलफल गराउने<br>गोकर्णेश्वर भित्र सञ्चालित मुख्य मुख्य विकासका कार्यहरु टिपोट गर्दै जाने र छलफल गर्ने । | मौखिक, लिखित प्रश्नोत्तर, समस्या समाधान, गृहकार्य, कक्षाकार्य, अवलोकन छलफल, अनुलेखन, श्रुतिलेखन आदि मूल्यांकन गर्न । पठनबोध अभ्यास आदिका माध्यमबाट मूल्यांकन गर्ने | ६ | ६ | १२ |
| ६. | असल संस्कार, आनीबानी, आचरण र अभ्यास | शिष्टाचारयुक्त बानी व्यवहारको परिचय दिन<br>शिष्टाचारयुक्त बानी व्यवहारको आवश्यकता र महत्व बताउन । | आफूभन्दा ठुलालाई गर्ने आदर सम्मानका तरिका, सानालाई माया गर्ने तरिका<br>मिठो बोलीको आवश्यकता, महत्व र उपयागिता, काग र | आफूभन्दा ठूलालाई आदर सम्मान प्रकट गर्ने तरिका अभ्यास गराउने, सानालाई सहयोग पुऱ्याउने अभ्यास गराउने<br>मिठो बोली वचनले | मौखिक, लिखित प्रश्नोत्तर, समस्या समाधान, गृहकार्य, कक्षाकार्य, अवलोकन छलफल, अनुलेखन, | ७ | ७ | १४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | कोइलीको बोलीको सम्बन्ध आदि । | अरुको मन जित्न सकिने आदि कुरा बोर्डा टिप्दै छलफल गराउने । | श्रुतिलेखन आदि मूल्यांकन गर्न । पठनबोध अभ्यास आदिका माध्यमबाट मूल्यांकन गर्ने | | | |
| ७. | विद्यालय स्वास्थ्य तथा सरसफाइ | आफ्नो व्यक्तिगत शारीरिक सफाइ, कक्षाकोठाको सफाइ सम्बन्धि तरिका बताउन र अभ्यास गर्न पाठ्यपुस्तक र अन्य शैक्षिक सामग्रीहरुको हिफाजत सम्बन्धि परिचय र अभ्यास गर्न । | आफ्नो व्यक्तिगत शारीरिक सफाइ कपाल, आँखा, मुख, दाँत, आदिको सफाइ कक्षाकोठाको सफाइ, फोहोर कागजका टुक्रा आदि डस्टविनमा राख्न, पाठ्यपुस्तकमा नकेर्न, नच्यात्ने सम्बन्धि संरक्षणका तरिका र अभ्यास । | कपाल, आँखा, नाक, दाँत आदि चेक गर्ने र सफा गर्ने तरिका बताउने सफाइको अभ्यास गराउने पाठ्यपुस्तक, शैक्षिक सामग्री हिफाजत गर्ने तरिका बताइ दिने र अभ्यास गराउने । | मौखिक, लिखित प्रश्नोत्तर, समस्या समाधान, गृहकार्य, कक्षाकार्य, अवलोकन छलफल, अनुलेखन, श्रुतिलेखन आदि मूल्यांकन गर्न । पठनबोध अभ्यास आदिका माध्यमबाट मूल्यांकन गर्ने | ६ | ६ | १२ |
| ८. | हरित विद्यालय तथा बालबगैंचा र वातावरण | गमला वा बाल वगैंचामा रोप्न सकिने करिब १५ जातिका विरुवाको पहिचान गर्न | | | | ६ | ६ | १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | तिनका विशेषता<br>पहिचान गर्न<br>फूल रोप्न र<br>संरक्षणको अभ्यास<br>गर्न । | | | | | | |
| ९. | रचनात्मक कार्य | गोकर्णेश्वरभित्रका<br>धार्मिक ऐतिहासिक,<br>पर्यटकीय स्थल<br>आदिको अवलोकन<br>गर्न<br>प्राकृतिक, भौतिक,<br>धार्मिक, साँस्कृतिक<br>सम्पदाको<br>जानकारी लिन<br>स्वतन्त्र रुपमा चित्र<br>नक्सा आदि<br>बनाउन<br>स्थानीय लोक गीत,<br>नृत्य आदि प्रस्तुत<br>गर्न । | विद्यालय नजिक सहेका<br>विभिन्न सम्पदाहरुको<br>अवलोकन<br>सामान्य जानकारी<br>स्थानीय लोक नृत्य<br>आदि । | विद्यार्थीहरुलाई<br>नजिकको ऐतिहासिक<br>धार्मिक, प्राकृतिक<br>स्रोत सम्पदाको<br>अवलोकन गराउने,<br>त्यस सम्बन्धि<br>मौखिक/लिखित<br>प्रश्नोत्तर गराउने,<br>स्थानीय लोक नृत्य<br>आदिको अभ्यास<br>गराउने र प्रस्तुत गर्न<br>लगाउने । | मौखिक, लिखित<br>प्रश्नोत्तर, समस्या<br>समाधान, गृहकार्य,<br>कक्षाकार्य,<br>अवलोकन<br>छलफल,<br>अनुलेखन,<br>श्रुतिलेखन आदि<br>मूल्यांकन गर्न ।<br>पठनबोध अभ्यास<br>आदिका<br>माध्यमबाट<br>मूल्यांकन गर्ने । | ६ | ६ | १२ |

## कक्षा ३ स्थानीय विषयको पाठ्यक्रम विस्तृतीकरण

| क. सं. | क्षेत्र सक्षमता | सिकाइ सक्षमता | विषय विस्तृतीकरण | सम्भावित शिक्षण क्रियाकलाप | मूल्यांकन | पाठ्यभार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सैं. | प्र.. | कुल |
| १. | गोकर्णेश्वर नगरपालिकाको भौगोलिक तथा प्राकृतिक स्वरुप | गोकर्णेश्वर नगरपालिकाको भौगोलिक तथा प्राकृतिक स्वरुप बताउन गोकर्णेश्वर नगरपालिकाको परिचय दिन | भौगोलिक स्वरुप, राजनैतिक नक्सा, गोकर्णेश्वरको जातजाति, भाषा, संस्कृति विकास निर्माण आदि । | गोकर्णेश्वरको नक्सा देखाउदै प्राकृतिक स्वरुप चिनाउने, पहाडी क्षेत्र, सहरी क्षेत्र चिनाउने, गोकर्णेश्वर भित्र बस्ने विभिन्न जातजातिका आदिका बारेमा छलफल गराउने । | मैखिक, लिखित, प्रश्नोत्तर, समस्या समाधान, कक्षाकार्य, गृहकार्य, अवलोकन छलफल, रचनात्मक कार्य आदिबाट सिकाइ सक्षमताको मूल्यांकन गर्ने । | ७ | ७ | १४ |
| २. | धार्मिक स्थल, मठमन्दिर, गुम्बा, चैत्य आदि । | २.१ तुलजा भवानीको परिचय, महत्व बताउन । | देशे गाउँ, तलेजु भवानी, स्तुपा, भीमसेन, सरस्वती आदिको परिचय, देशे गाँउमा लाग्ने जात्रा पर्व आदि । | तुलजा भवानीको चित्र देखाउदै परिचय गराइने, उत्पत्ति योगदानका बारेमा टिपो गर्ने, तुलजा भवानी मन्दिरमा लाग्ने जात्रा मेला आदिको बोर्डमा टिपोट गर्दै छलफल गराउने । | मैखिक, लिखित, प्रश्नोत्तर, समस्या समाधान, कक्षाकार्य, गृहकार्य, अवलोकन छलफल, रचनात्मक कार्य आदिबाट सिकाइ सक्षमताको मूल्यांकन गर्ने । | १० | १० | २० |
| | | २.२ तामाङ गुम्बाको परिचय | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | ऐतिहासिक तथा पर्यटकीय स्थल | ३.१ खगेन्द्र नवजीवन केन्द्रको परिचय, खगेन्द्र बस्नेतको योगदान र खगेन्द्र नवजीवन केन्द्र भित्र रहेका संघ संस्थाको परिचय दिन । | खगेन्द्र नवजीवन केन्द्र रहेको स्थान, खगेन्द्र बस्नेतको परिचय, योगदान, खगेन्द्र नवजीवन केन्द्र भित्रका अन्य अपाङ्ग संघ, अर्थोपेडिक अस्पताल, खगेन्द्र नवजीवन केन्द्र स्कूल आदि । | खगेन्द्र नवजीवन केन्द्रको चित्र देखाउदै परिचय गराउने खगेन्द्र बस्नेतको सङ्क्षिप्त परिचय बताउने, खगेन्द्र नवजीवन केन्द्रभित्र रहेका संघसंस्थाको टिपोट गर्दै छलफल गराउने । | मैखिक, लिखित, प्रश्नोत्तर, समस्या समाधान, कक्षाकार्य, गृहकार्य, अवलोकन छलफल, रचनात्मक कार्य आदिबाट सिकाइ सक्षमताको मूल्यांकन गर्ने । | ६ | ६ | १२ |
| | | ३.२ सुन्दरीजल जलविद्युत आयोजनाको परिचय, फाइदा र महत्व बताउने | नेपालको पहिलो जल विद्युत आयोजनाको स्थापना, उत्पादन क्षमता, तत्कालिन समयमा पऱ्याएको योगदान र महत्व । | जलविद्युत उत्पादन केन्द्र रहेको स्थान, स्थापना उत्पादन क्षमता आदि बोर्डमा टिप्दै छलफल गराउने, यसको आवश्यकता, योगदान र महत्वका बारेमा बताइदिन । | मैखिक, लिखित, प्रश्नोत्तर, समस्या समाधान, कक्षाकार्य, गृहकार्य, अवलोकन छलफल, रचनात्मक कार्य आदिबाट सिकाइ सक्षमताको मूल्यांकन गर्ने । | | | |
| ४. | भाषा र संस्कृति | गाई जात्राको परिचय ऐतिहासिक महत्व गोकर्णेश्वर भित्रका नेवार जातिले मनाउने | जात्रा पर्वको आ आफ्नै महत्व, गाईजात्रा विशेष पर्व, गाईजात्राको | गाईजात्रा मनाइएका झलकहरु, चित्र आदि प्रस्तुत गर्दै गाईजात्राको परिचय | मैखिक, लिखित, प्रश्नोत्तर, समस्या समाधान, कक्षाकार्य, गृहकार्य, | १० | १० | २० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | गरेको चलन आदिका बारेमा बताउन । | ऐतिहासिक किंवदन्ती, नेवारी परम्परा व्यङ्ग्य उत्सव आदि । | गराउने, गाईजात्राका परम्परा, ऐतिहासिक किंवदन्ती आदिका मुख्य बुँदा टिपी छलफल गराउने । | अवलोकन छलफल, रचनात्मक कार्य आदिबाट सिकाइ सक्षमताको मूल्यांकन गर्ने । | | | |
| ५. | आर्थिक क्रियाकलाप र पेसा, उद्योग, व्यवसा विकास निर्माण | गलैचा उद्योगको परिचय, आवश्यकता र महत्व बताउन । | गलैचा उद्योगको परिचय गोकर्णेश्वरभित्र सञ्चालित मुख्य मुख्य गलैचा उद्योग कारखानाको नाम, गलैचा उद्योगको आवश्यकता महत्व र संम्वर्द्धनका उपाय । | विद्यार्थीहरुलाई गलैचाको उपयोग गरे/नगरेका प्रश्न सोधी विषय वस्तुको उठान गर्ने, गोकर्णेश्वर भित्र सञ्चालित कारखानाको नाम टिप्ने र तिनको आवश्यकता, महत्व र योगदानको बारेमा छलफल गराउने । | मैखिक, लिखित, प्रश्नोत्तर, समस्या समाधान, कक्षाकार्य, गृहकार्य, अवलोकन छलफल, रचनात्मक कार्य आदिबाट सिकाइ सक्षमताको मूल्यांकन गर्ने । | ६ | ६ | १२ |
| ६. | असल संस्कार आचरण आनीबानी र अभ्यास | घर परिवारका काममा सघाउन, आफ्नो सामानको हिफाजत गर्न, फुर्सदको समयमा आफ्ना भाइ बहिनीसित मिल्न, पढ्न, खेल्न, काम गर्न | घर परिवारका कामकाज सरसफाई, सामानको राखन घरन, हिफाजत घारामा पानी थाप्ने, पकाउने, | विद्यार्थीहरुलाई पालैपाले घरपरिवारमा विहान देखि बेलुकासम्म गरिने कामको सूची बनाउने, उनीहरुले कुनकुन काममा | मैखिक, लिखित, प्रश्नोत्तर, समस्या समाधान, कक्षाकार्य, गृहकार्य, अवलोकन छलफल, रचनात्मक कार्य आदिबाट सिकाइ | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | खेतबारी, पशुपालन काममा सघाउने, भाइबहिनीको रेखदेख गर्ने, सगैं पढ्ने, खेल्ने आदि | सघाउने गरेका छन् सोध्दै बोंडमा टिप्ने र छलफल गराउने, आफ्ना सामानको हिफाजत आफै गर्नुपर्ने कुरा छलफल गराउने | सक्षमताको मूल्यांकन गर्ने । | | | |
| ७. | विद्यालय स्वास्थ्य तथा सरसफाइ | विद्यालय सरसफाइका क्षेत्र, परिचय, आवश्यकता र महत्व बताउने, विद्यालय वरिपरि सफा राख्ने काममा सक्रिय हुन | विद्यालयका कक्षा कोठा, प्यासेज, बरण्डा, ग्राउण्ड, शौचालय, पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर कक्ष, आदिको सरसफाइका तरिका अभ्यास । | विद्यालय सरसफाइका क्षेत्र बोर्डमा टिप्ने र छलफल गराउने, जथाभावी फोहोर फाल्न नहुने, डस्टविनमा राख्ने तरिकाहरु बताउने र अभ्यास गराउने । | मैखिक, लिखित, प्रश्नोत्तर, समस्या समाधान, कक्षाकार्य, गृहकार्य, अवलोकन छलफल, रचनात्मक कार्य आदिबाट सिकाइ सक्षमताको मूल्यांकन गर्ने । | ६ | ६ | १२ |
| ८. | हरित विद्यालय, बालबगैचा तथा वातावरण | हरित विद्यालयको अर्थ बताउने<br>हरित विद्यालय बाल बगैचाको आवश्यकता र महत्व बताउन<br>विद्यालय बालबगैचामा | हरित विद्यालय बालबगैचाको अर्थ विद्यालयमा हरित बालबगैचा बनाउनु पर्ने कारण, विद्यालय | विद्यार्थीहरुलाई हरित बालबगैचाका अर्थ भन्न लगाउने, हरित बाल बगैचा बनाउनु पर्ने कारण र महत्व श्यामश्वेत पाटीमा | मैखिक, लिखित, प्रश्नोत्तर, समस्या समाधान, कक्षाकार्य, गृहकार्य, अवलोकन छलफल, रचनात्मक कार्य | ६ | ६ | १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | रोप्न सकिने विभिन्न प्रजातिका बोटविरुवा तथा फूलको नाम बताउन । | बालबगैचामा रोप्न सकिने विभिन्न प्रजातिका बोटविरुवा तथा फूलहरु । | लेखी छलफल गराउने । | आदिबाट सिकाइ सक्षमताको मूल्यांकन गर्ने । | | | |
| ९. | रचनात्मक कार्य | गोकर्णेश्वर नगरपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक, कलाकृति, पर्यटकीय स्थल, मठ, मन्दिर, गुम्बा, चैत्य आदिको चित्र, नक्सा कागजी काम गर्न माथिका विषयमा केन्द्रित रहेर स साना अनुच्छेद लेख्न स्थानीय नृत्य, गीत, वाद्यवादनका सिप प्रस्तुत गर्न | गोकर्णेश्वर भित्र रहेका प्राकृतिक स्रोत सम्पदा चौतारी, वर पिपल आदि वेशभूषा हाकुपटासी, लामा वेशभूषा आदि देवि देवता आदिको चित्र स साना अनुच्छेद प्रस्तुत गर्न | विद्यार्थीहरुलाई पालैपालो सोधेर उनीहरुका रुचि पत्ता लगाउने, सोही अनुसार चित्र, नक्सा, रचना आदि बनाउन लगाउने, प्रतिमा विकास र पहिचान गरी स्थानीय गीत, नृत्य, वाद्यवादन आदि कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>गीत, नृत्य, वाद्यवादन आदि । | मैखिक, लिखित, प्रश्नोत्तर, समस्या समाधान, कक्षाकार्य, गृहकार्य, अवलोकन छलफल, रचनात्मक कार्य आदिबाट सिकाइ सक्षमताको मूल्यांकन गर्ने । | ६ | ६ | १२ |

## कक्षा ४ स्थानीय विषयको पाठ्यक्रम विस्तृतीकरण

| क्र. सं. | क्षेत्र सक्षमता | सिकाइ सक्षमता | विषय विस्तृतीकरण | सम्भावित शिक्षण क्रियाकलाप | मूल्यांकन | पाठ्यभार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सैं. | प्र. | कुल |
| १. | भौगोलिक तथा प्राकृतिक स्रोत सम्पदा | शिवपुरी जलाधार क्षेत्रको परिचय दिन शिवपुरी जलाधार क्षेत्रको उपयोगिता र महत्व बताउन | शिवपुरी जलाधार संरक्षण क्षेत्रको परिचय, क्षेत्रफल आवश्यकता, उपयोगिता र महत्व | शिवपुरी जलाधार संरक्षण क्षेत्रको स्थापना, क्षेत्रफल आदि बोर्डमा लेख्ने र छलफल गराउने, जलाधार उपयोगिता र महत्व सम्बन्धि मुख्य मुख्य बुँदा बोर्डमा टिपी छलफल गराउने । | प्रश्नोत्तर, समस्या समाधान, बुँदा टिपोट, कक्षाकार्य, गृहकार्य, अवलोकन छलफलमा सक्रियता रचनात्मक कार्य आदिका माध्यमबाट सिकाइ उपलब्धि हासिल भए, नभएको मूल्यांकन गर्ने । | ७ | ७ | १४ |
| २. | धार्मिक स्थल, मन्दिर, गुम्बा, चैत्य मस्जिद आदि । | सुन्दरी माईको परिचय दिन धार्मिक महत्व बताउन सुन्दरी माईको स्थानमा लाग्ने मेला पर्न बताउन | सुन्दरी माई रहेको स्थान, स्थापना समय, जनविश्वास, धार्मिक महत्व, सुन्दरी माई स्थानमा लाग्ने विशेष मेला पर्व । | चित्रका सहायताले सुन्दरी माईको बारेमा छलफल गराउने, स्थापना समय, धार्मिक आस्था र महत्व सम्बन्धि मुख्य मुख्य बुँदा । | प्रश्नोत्तर, समस्या समाधान, बुँदा टिपोट, कक्षाकार्य, गृहकार्य, अवलोकन छलफलमा सक्रियता | १० | १० | २० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | रचनात्मक कार्य आदिका माध्यमबाट सिकाइ उपलब्धि हासिल भए, नभएको मूल्यांकन गर्ने । | | | |
| ३. | ऐतिहासिक तथा पर्यटकीय स्थल | पर्यटकीय स्थल सुन्दरीजल जलविद्युत उत्पादन को परिचय दिन महत्व र पर्यटन क्षेत्रमा पुऱ्याएको योगदानका बारेमा बताउने । | सुन्दरीजल जलविद्युत रहेको स्थान, स्थापना, उद्देश्य, महत्व र पर्यटन क्षेत्रमा पऱ्याएको योगदानका। | बोर्डमा टिपी छलफल गराउने सुन्दरीजल जलविद्युतको स्थापना, उद्देश्य र महत्व | प्रश्नोत्तर, समस्या समाधान, बुँदा टिपोट, कक्षाकार्य, गृहकार्य, अवलोकन छलफलमा सक्रियता रचनात्मक कार्य आदिका माध्यमबाट सिकाइ उपलब्धि हासिल भए, नभएको मूल्यांकन गर्ने । | ६ | ६ | १२ |
| ४. | भषा र संस्कूति | श्रावणी मेलाको परिचय दिन, श्रावणी मेला र बाग्मती नदी | श्रावणी मेला श्रावण महिनाको प्रत्येक सोमवार लाग्ने मेला | श्रावणी मेलाको अर्थ श्रावणी मेला लाग्ने समय, सुन्दरीजल | प्रश्नोत्तर, समस्या समाधान, बुँदा टिपोट, कक्षाकार्य, | १० | १० | २० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | (सुन्दरीजलको) सम्बन्ध बताउन। श्रावणी मेलाको ऐतिहासिक तथा धार्मिक महत्व बताउन | सुन्दरीजल वाग्मतीको जल पशुपतिनाथमा चढाउने र धर्म आर्जन गर्ने विश्वास श्रावणी मेलाको ऐतिहासिक तथा धार्मिक महत्व | वाग्मतीको पानी पशुपतिनाथमा लगी चढाउने सभ्यता, धार्मिक आस्था र बिश्वास श्रावणी मेलाको धार्मिक महत्वका सम्बन्धमा मेटाकार्ड, कार्डबोर्ड, श्वेतपाटी आदिका सहायताको छलफल गराई बालकेन्दित विधिमा आधारित भई शिक्षण क्रियाकलाप सञ्चालन गर्ने | गृहकार्य, अवलोकन छलफलमा सक्रियता रचनात्मक कार्य आदिका माध्यमबाट सिकाइ उपलब्धि हासिल भए, नभएको मूल्यांकन गर्ने । | | | |
| ५. | आर्थिक क्रियाकलाप र विकास निर्माण | गोकर्णेश्वर नगरपालिका भित्र सञ्चालित स्वास्थ्य सँग सम्बन्धित मुख्य अस्पताल आदिको सुची प्रस्तुत गर्न, औषधीउपचार र स्वास्थ्य परीक्षणको आवश्यकता र महत्व बताउन | स्वास्थ्य संस्था अस्पतालले प्रदान गर्ने सुविधा, गोकर्णेश्वरभित्र रहेका मुख्य मुख्य अस्पताल नेपाल मेडिकल कलेज, अर्थोपेडिक अस्पताल, शंकरापुर अस्पताल, ग्रामीण स्वास्थ्य केन्द्र आदिको सूची, दाँत, | स्वास्थ्य सेवा प्रदान गर्ने संस्था र सेवाका सम्बन्धमा छलफल गराउने बेलाबेलामा आखा, कान, दाँत, रगत आदि परीक्षण गर्नुपर्ने आवश्यकता र महत्व श्वेत पाटीमा टिपी छलफल गराउने | प्रश्नोत्तर, समस्या समाधान, बुँदा टिपोट, कक्षाकार्य, गृहकार्य, अवलोकन छलफलमा सक्रियता रचनात्मक कार्य आदिका माध्यमबाट | ६ | ६ | १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आखा, मुटु, सुगर, आदि सम्बन्धि बेला बेलामा गर्नुपर्ने परीक्षण सम्बन्धि आवश्यकता र महत्व | | सिकाइ उपलब्धि हासिल भए, नभएको मूल्यांकन गर्ने । | | | |
| ६. | असल संकार, आचरण, बाणी र अभ्यास | योग शिक्षाको अर्य बताउन योग शिक्षाको आवश्यकता र महत्व बताउन डेली साधारण योग सम्बन्धि अभ्यास गर्न | योग शिक्षाको अर्थ शारीरिक तथा मानसिक बिकास र स्वस्थ्यताका लागि योग शिक्षाको आवश्यकता र महत्व सम्बन्धि विषयवस्तु केही साधारण योग अभ्यासका सचित्र तरिका | योग शिक्षाको अर्थ प्रस्तुत गर्ने योग शिक्षाको आवश्यकता छलफल र महत्व श्वेत पाटीमा टिपी छलफल गराउने, केहीबाल उपयोगी साधारण योग अभ्यासका तरिका प्रदूशण गरी देखाउने र अभ्यास गराउने | प्रश्नोत्तर, समस्या समाधान, बुँदा टिपोट, कक्षाकार्य, गृहकार्य, अवलोकन छलफलमा सक्रियता रचनात्मक कार्य आदिका माध्यमबाट सिकाइ उपलब्धि हासिल भए, नभएको मूल्यांकन गर्ने । | ७ | ७ | १४ |
| ७. | विद्यालय स्वास्थ्य तथा सरसफाइ | दिँउसो खाइने खाजाको परिचय दिने, हानिकारक खाजा खाने बानी छोड्ने र विद्यालयमा | दिउँसो खाइने खाजा रोटी, चिउरा, तरकारी, गेडागुडी, मकैं भटमास आदि । बजारिया असुरक्षित | विद्यार्थीहरुलाई पालैपालो के के खाने गरेका छन श्याम/श्वेत पाटीमा टिप्दै जाने । | प्रश्नोत्तर, समस्या समाधान, बुँदा टिपोट, कक्षाकार्य, गृहकार्य, अवलोकन | ६ | ६ | १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | स्वास्थ्य खाजा ल्याउने र खाने बानी बसाल्ने | खाजा र त्यसबाट हुने हानी सम्वन्धि समाग्री | स्वस्थकर खाने कुरामा ठिक र अस्वस्थ हुने खानेकुरामा कारण बताई बेठिक चिह्न लगाउने, स्वस्थ, सुरक्षित खानेकुराको आवश्यकता र महत्व श्याम/श्वेत पाटीमा टिप्दै छलफल गराउने । | छलफलमा सक्रियता रचनात्मक कार्य आदिका माध्यमबाट सिकाइ उपलब्धि हासिल भए, नभएको मूल्यांकन गर्ने । | | | |
| ८. | हरित विद्यालय तथा बाल बगैंचा र वातावरण | Eco Club को अर्थ, आवश्यकता र बालउद्यानसंगको र तरकारी उद्यान सम्बन्धमा त्यस्ता उद्यान अभ्यासको विद्यार्थीहरुमा आवश्यकता महत्व बुझाउन । | विद्यालय बगैचाको अर्थ, विद्यालयभित्र फल उद्यान, फूल उद्यान तरकारी खेतीको अभ्यास गर्नुपर्ने कारण विद्यार्थी जीवनमा त्यस्ता र खेतीको अभ्यासको आवश्यकता र महत्व । | विद्यालय बाल बगैचाको अर्थ बताइदिने, विद्यालयको जग्गा फराकिलो भए फल, फूल र तरकारी खेतीको अभ्यास गर्न सकिने कुरा बताइ दिने र त्यस्तो अभ्यासबाट भोलीका लागि हुने फाइदा बेफाइदाहरु श्याम/श्वेत पाटीमा टिपी छलफल गराउने । | प्रश्नोत्तर, समस्या समाधान, बुँदा टिपोट, कक्षाकार्य, गृहकार्य, अवलोकन छलफलमा सक्रियता रचनात्मक कार्य आदिका माध्यमबाट सिकाइ उपलब्धि हासिल भए, नभएको मूल्यांकन गर्ने । | ६ | ६ | १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९. | रचनात्मक कार्य | गोकर्णेश्वर भित्रका धार्मिक ऐतिहासि, प्राकृतिक, भौतिक पर्यटकीय स्थल आदिको चित्र, नक्सा बनाउन । माथिका विषयमा केन्द्रित रहेर कविता, कथा, निबन्ध, लेख, रचना, जीवनी आदि तयास पार्न। स्थानीय नृत्य, वाद्यवादन कला कौशल प्रदर्शन गर्न । | गोकर्णेश्वर भित्र रहेका प्राकृतिक सम्पदा, वागमती नदी, शिवपरीको जङ्गल, सहिदपार्क, वीपी सङ्ग्रहालय, विभिन्न साँस्कृतिक भेषभुषा, बाजागाजा, देवी देवता, मठमन्दिर भौतिक संरचना, प्रसिद्ध व्यक्तिको चित्र, जीवनी आदिसंग सम्बन्धित रचना, गीत, नृत्य, वाद्यवादन आदि कला । | विद्यार्थीहरुलाई पालैपालो उनीहरुमा रहेको रचनात्मक सिपको पहिचान गर्ने र विषय विष्तृतीकरणमा तोकिएका विषयमध्ये कुनै एकमा आधारित रही कार्य गर्न लगाउने र कक्षामा प्रस्तुत गराउने । | प्रश्नोत्तर, समस्या समाधान, बुँदा टिपोट, कक्षाकार्य, गृहकार्य, अवलोकन छलफलमा सक्रियता रचनात्मक कार्य आदिका माध्यमबाट सिकाइ उपलब्धि हासिल भए, नभएको मूल्यांकन गर्ने । | ६ | ६ | १२ |

**कक्षा ५ स्थानीय विषयको पाठ्यक्रम विस्तृतीकरण**

| क. सं. | क्षेत्र सक्षमता | सिकाइ सक्षमता | विषय विस्तृतीकरण | सम्भावित शिक्षण क्रियाकलाप | मूल्यांकन | पाठ्यभार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सै. | प्र. | कुल |
| १. | भौगोलिक तथा प्राकृतिक स्वरुप र प्राकृतिक स्रोत सम्पदा | वागमती नदीको परिचय दिन वाग्मती नदीको ऐतिहासिक र धार्मिक महत्व बताउन वाग्मती नदीको | वाग्मती नदीको सचित्र चिनारी, वाग्मती नदीको एतिहासिक र धार्मिक महत्व, वाग्मती नदी सफा राख्ने तरिका र | वाग्मती नदीको चित्र देखाउदै परिचय प्रस्तुत गर्ने, वाग्मती नदीको ऐतिहासिक सभ्यत महत्व बोर्डमा टिप्ने र छलफल | प्रश्नोत्तर, मुख्य, मुख्य बुदा भन्न लगाउने, कक्षा कार्य, गृहकार्य अवलोकन, छलफल | ७ | ७ | १४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सफाइ र संरक्षणमा अभ्यास गर्न । | उपायहरु, वाग्मती नदी सफाइका अभ्यास । | गराउने, वाग्मती नदी कसरी सफा राख्न सकिन्छ पालैपालो सोधी बोर्डमा टिप्दै छलफल गराउने । | रचनात्मक कार्य आदिको माध्यमबाट सिकाइ उपलब्धि हासिल भए वा नभएको मूल्याङ्कन गर्ने । | | | |
| २. | धार्मिक स्थल, मन्दिर, गुम्बा, चैत्य, मस्जिद आदि | २.१. गोकर्णेश्वर महादेवको स्थान, उत्पत्तिसहित परिचय दिन,<br>गोकर्णेश्वर महादेवको ऐतिहासिक, धार्मिक महत्व बताउन<br>गोकर्णेश्वर महादेव मन्दिरमा लाग्ने जात्रा मेलाको बारेमा ।<br>गोकर्णेश्वर महादेव मन्दिरको संरक्षणमा रचनात्मक कार्य गर्न । | गोकर्णेश्वर महादेव मन्दिरको स्थान, उत्पत्ति, ऐतिहासिक, धार्मिक महत्व<br>गोकर्णेश्वरमा लाग्ने विशेष पर्व-पौप औँसी कुशे औँसी आदि<br>गोकर्णेश्वर मन्दिर वरिपरि सफा राख्ने उपाय र बेलाबेलामा सफाइसम्बन्धि अभ्यास । | गोकर्णेश्वर महादेव मन्दिरको चित्रबाट परिचय सम्बन्धि छलफलका क्रियाकलाप अपनाउने ऐतिहासिक तथा धार्मिक महत्व झल्काउने मेटाकार्ड वा कार्डबोर्डमा टिपोट गरी प्रस्तुत गर्ने ।<br>गोकर्णेश्वर मन्दिर सफा राख्ने तरिका पालैपालो विद्यार्थीहरुलाई सोधी बोर्डमा टिप्दै जो र छलफल गराउने ।<br>गोकर्णेश्वर मन्दिरको | प्रश्नोत्तर, मुख्य, मुख्य बुदा भन्न लगाउने, कक्षा कार्य, गृहकार्य अवलोकन, छलफल रचनात्मक कार्य आदिको माध्यमबाट सिकाइ उपलब्धि हासिल भए वा नभएको मूल्याङ्कन गर्ने । | १० | १० | २० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सफाइ र संरक्षणमा पुऱ्याउन सकिने रचनात्मक योगदानका बारेमा छलफल गराउने । | | | | |
| | | २.२ बौद्ध स्तुपाको परिचय दिन, बौद्धनाथको ऐतिहासिक तथा धार्मिक महत्व बताउन बौद्धनाथ स्तुपाको संरक्षणका उपायहरु बताउन | बौद्धनाथ स्तुपाको परिचय, बौद्धनाथ र बुद्ध धर्मको सम्बन्ध, ऐतिहासिक तथा धार्मिक महत्व, बौद्धनाथ स्तुपा परिसर संरक्षणका उपाय आदि । | बौद्धनाथ स्तुपा सम्बन्धि सचित्र परिचयात्मक छलफल मुख्य मुख्य बुदा टिपोट र छलफल बुद्ध धर्म र बौद्धनाथ स्तुपाका विचको सम्बन्ध, महत्व, सरक्षणका उपाय विद्यार्थीहरुसँग अन्तरक्रिया गरी छलफल गराउने । | प्रश्नोत्तर, मुख्य, मुख्य बुदा भन्न लगाउने, कक्षा कार्य, गृहकार्य अवलोकन, छलफल रचनात्मक कार्य आदिको माध्यमबाट सिकाइ उपलब्धि हासिल भए वा नभएको मूल्याङ्कन गर्ने । | | | |
| ३. | ऐतिहासिक तथा पर्यटकीय स्थल | ३.१ पर्यटकीय हिसाबले सुन्दरीजलको परिचय दिन, होमस्टेको संभावना बताउन | सुन्दरीजलको सुन्दरता, छहरा, गोकर्णेश्वरभित्रका पर्यटकीय स्थान, सहिदपार्क, देशे गाउँ, होमस्टे आदिको | वी. पी. सङ्ग्रहालयको सचित्र परिचयात्मक छलफल गराउने, अवलोकनीय पक्षको छलफल अर्थोपार्जनका हिसाबले पर्यटन | प्रश्नोत्तर, मुख्य, मुख्य बुदा भन्न लगाउने, कक्षा कार्य, गृहकार्य अवलोकन, छलफल | ६ | ६ | १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संभावना | व्यवसायमा पुग्ने टेवाको बारेमा छलफल गराउने । | रचनात्मक कार्य आदिको माध्यमबाट सिकाइ उपलब्धि हासिल भए वा नभएको मूल्याङ्कन गर्ने । | | | |
| | | ३.२ होम स्टेको ( पारिवारिक आवसीय बसाइ) परिचय दिन, होम स्टेको आवश्यकता र महत्व बताउन<br>होम स्टेको विकासले पर्यटन विकासमा पुग्ने योगदानको चर्चा गर्न । | होम स्टेको अर्थ, गोकर्णेश्वरभित्र होम स्टे सञ्चालित गर्न सकिने स्थान, होम स्टे सञ्चालनका लागि आवश्यक पूर्वाधार<br>होम स्टेको आवश्यकता सम्बन्धि अवधारण<br>गोकर्णेश्वरको आर्थिक विकास र परिचय विस्तारका लागि पुग्ने योगदानको विषय । | होम स्टेको परिचयका लागि अन्तरक्रिया गर्ने<br>होम स्टे सञ्चालनका लागि उपयुक्त स्थानको टिपोट गरी छलफल गराउने, होम स्टेका पूर्वाधारहरु के के हुनुपर्छ भनी अन्तर कृया गराउने<br>होम स्टेले पुर्‍याउने योगदान परिचय, विस्तार, मौलिकता, आर्थिक विकास र रोजगारीमा पुग्ने टेवाको बारेमा छलफल गराउने । | प्रश्नोत्तर, मुख्य, मुख्य बुदा भन्न लगाउने, कक्षा कार्य, गृहकार्य अवलोकन, छलफल रचनात्मक कार्य आदिको माध्यमबाट सिकाइ उपलब्धि हासिल भए वा नभएको मूल्याङ्कन गर्ने । | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४. | भाषा र संस्कृति | कुसे औंसी (पिताको मुख हेर्ने दिन) को परिचय दिन<br>पिता तथा पितृप्रति श्रद्धा प्रकट गर्न गोकर्णेश्वर महादेव मन्दिरमा लाग्ने कुसे औंसी पर्वको महत्व र योगदान बताउन । | कुसे औंसी (पिताको मुख हेर्ने दिन, परिचय गोकर्णेश्वरमा लाग्ने कुसे औंसी मेला र त्यसको आवश्यकता र महत्व सम्बन्धि सामग्री । | कुसे औंसी अर्थात पिताको मुख हेर्ने दिन कहिले पर्छ भनी सोध्ने, कुसे औंसीमा गोकर्णेश्वरमा लाग्ने पर्वको बारेमा मुख्य मुख्य बुंदा श्याम/श्वेत पाटीमा टिपी छलफल गराउने आफ्ना पिता तथा पितृप्रति श्रद्धाभाव प्रकट गने तरिका बताइदिने । | प्रश्नोत्तर, मुख्य, मुख्य बुदा भन्न लगाउने, कक्षा कार्य, गृहकार्य अवलोकन, छलफल रचनात्मक कार्य आदिको माध्यमबाट सिकाइ उपलब्धि हासिल भए वा नभएको मूल्याङ्कन गर्ने । | १० | १० | २० |
| ५. | आर्थिक क्रियाकलाप र विकास निर्माण | सुन्दरीजल खानेपानी योजनाको परिचय दिन, महत्व र योगदान बताउन | सुन्दरीजल खानेपानी योजनाको परिचय, स्थापना, पुऱ्याएको सुविधा, महत्व र योगदान | सुन्दरीजल खानेपानी योजनाको स्थापना, महत्व आदिका बारेमा छलफल गराउने । | प्रश्नोत्तर, मुख्य, मुख्य बुदा भन्न लगाउने, कक्षा कार्य, गृहकार्य अवलोकन, छलफल रचनात्मक कार्य आदिको माध्यमबाट सिकाइ उपलब्धि हासिल भए वा | ६ | ६ | १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | नभएको मूल्याङ्कन गर्ने । | | | |
| ६. | असल संस्कार, आचरण, बानी व्यवहार अभ्यास | योग शिक्षाको परिचय दिन, स्वस्थ रहनका लागि योग शिक्षाको आवश्यकता र महत्व बताउन, योग अभ्यास गर्दा पालना गर्नुपर्ने नियमहरु बताउने । | योग शिक्षाको अर्थ, स्वस्थ रहनका लागि योग शिक्षाको आवश्यकता र महत्व योग अभ्यास गर्दा पालना गर्नुपर्ने नियम सूची । | योग शिक्षाको अर्थ बताइदिन, योग शिक्षाबाट हुने फाइदाहरु श्याम/श्वेत पाटीमा टिप्दै जाने, योग अभ्यास गर्दै पालना गर्नपर्ने नियमहरु बताइ दिने । | प्रश्नोत्तर, मुख्य, मुख्य बुदा भन्न लगाउने, कक्षा कार्य, गृहकार्य अवलोकन, छलफल रचनात्मक कार्य आदिको माध्यमबाट सिकाइ उपलब्धि हासिल भए वा नभएको मूल्याङ्कन गर्ने । | ७ | ७ | १४ |
| ७. | विद्यालय स्वस्थ तथा सरसफाइ | | दिउसो खाजाका रुपमा खाइने खानेकुरा, रोटी, तरकारी, चिउरा, भुटेको मकै भटमास, पोलेको मकै, अण्डा आदि । घरबाट खाजा पानी बोकेर ल्याउनु पर्ने कुरा आदि । | दिवा खाजाका रुपामा खाने गरेका कुराको टिपोट गर्दै छलफल गराउने, दिवा खाजाका लागि ल्याउन उपयुक्त । | प्रश्नोत्तर, मुख्य, मुख्य बुदा भन्न लगाउने, कक्षा कार्य, गृहकार्य अवलोकन, छलफल रचनात्मक कार्य आदिको माध्यमबाट | ६ | ६ | १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सिकाइ उपलब्धि हासिल भए वा नभएको मूल्याङ्कन गर्ने । | | | |
| ८. | हरित विद्यालय/बाल बगैंचा र वातावरण | वृक्षरोपणको परिचय दिन<br>वृक्ष रोपनको आवश्यकता र महत्व बताउन वृक्षरोपन गर्न सकिने स्थानको पहिचान गर्न । | वृक्षरोपणको अर्थ, वृक्षरोपण गर्नु पर्ने कारण, हराभरा हरित वातावरणबाट पुग्ने फाइदा<br>घरवरिपरि तथा खाली पाखा, नदी किनार आदि ठाउँको पहिचान र रोप्न सकिने विरुवाको जानकारी । | वृक्षरोपणको अर्थ, आवश्यकता र महत्व सम्बन्धि बुँदाहरु श्याम/श्वेत पाटीमा टिप्दै छलफल गराउने, घरवरिपरि रोप्न सकिने एक वर्षे वहुवर्षे बोट विरुवा, तुलसी, बाबरी, पारीजात अन्य विरुवा र खाली पाखामा रोप्न सकिने विरुवाहरुको बारेमा छलफल गराउने । | प्रश्नोत्तर, मुख्य, मुख्य बुदा भन्न लगाउने, कक्षा कार्य, गृहकार्य अवलोकन, छलफल रचनात्मक कार्य आदिको माध्यमबाट सिकाइ उपलब्धि हासिल भए वा नभएको मूल्याङ्कन गर्ने । | ६ | ६ | १२ |
| ९. | रचनात्मक कार्य | गोकर्णेश्वर भित्रका धार्मिक, ऐतिहासिक, प्राकृतिक, भौतिक, पर्यटकीय स्थल आदिको चित्र बनाउन, कविता, | गोकर्णेश्वर भित्र रहेका प्राकृतिक सम्पदा वाग्मती नदी, शिवपुरीको जङ्गल, सहिदपार्क, वी. पी. सङ्ग्रहालय, विभिन्न | विद्यार्थीहरुलाई गोकर्णेश्वर भित्रका ऐतिहासिक, धार्मिक, पर्यटकीय स्थल, सामाजिक संघ संस्था आदिको अवलोकन | प्रश्नोत्तर, मुख्य, मुख्य बुदा भन्न लगाउने, कक्षा कार्य, गृहकार्य अवलोकन, छलफल | ६ | ६ | १२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | कथा, निबन्ध, लेख रचना, जीवनी आदि तयार पार्न । | साँस्कृतिक भेषभूषा, बाजा, देवीदेवता, भौतिक संरचना, प्रसिद्ध व्यक्ति आदिको स्वतन्त्र चित्र कोर्न, गोकर्णेश्वर भित्रकै स्रोत सम्पदा आदिका बारेमा रचना । | गराई चित्र कोर्न, तत्सम्बन्धि कुनै कक्षा प्रस्तुत गराउने । | रचनात्मक कार्य आदिको माध्यमबाट सिकाइ उपलब्धि हासिल भए वा नभएको मूल्याङ्कन गर्ने । | | | |

# खण्ड ग

# मूल्याङ्कन योजना

**विद्यार्थी मूल्याङ्कन**

१. आधारभूत तहमा निर्णयात्मक पद्धतिभन्दा बढी निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गर्नुपर्ने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइस्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटकपटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ ।

२. विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित गर्न विद्यार्थीको व्यक्तिगत प्रगति विवरण फायल राख्नुपर्ने छ । यसलाई विद्याार्थीको कक्षा कार्य, परियोजना कार्य, सिर्जनात्मक कार्य, गृहकार्य, उपलब्धि परीक्षा, हाजिरी, अनुशासन, व्यावहारिक परिवर्तनको अवलोकन आदिका माध्यमले अद्यावधिक गर्नुपर्ने छ । विद्यार्थीको उपलब्धिका बारेमा आवधिक रूपमा विद्यालयमा छलफल गर्ने व्यवस्था गर्नुपर्ने छ । व्यक्तिगत प्रगति विवरण फायलमा त्यसको अभिलेख राख्ने व्यवस्था पनि गर्नुपर्ने छ ।

३. विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य निर्दिष्ट सक्षमताका आधारमा विद्यार्थी उपलब्धिको नियमित मूल्याङ्कन गरी सोको अभिलेखका आधारमा कक्षोन्नति गर्नु हो । विद्यार्थी मूल्याङ्कनका क्रममा विद्यार्थी को सिकाइ उपलब्धिको वास्तविक अवस्था पहिचान गरी सुधारात्मक शिक्षण गर्नुपर्ने छ ।

४. आधारभूत तह कक्षा १–५ मा ५० प्रतिशत भारको आवधिक मूल्याङ्कन र ५० प्रतिशत भारको निरन्तर विद्यार्थी मूल्याङ्कन र कक्षा ६ र ७ मा ६० प्रतिशत भारको आवधिक मूल्याङ्कन र ४० प्रतिशत भारको निरन्तर मूल्याङ्कनका माध्यमले विद्यार्थी उपलब्धिको लेखाजोखा गर्नुपर्ने छ । निरन्तर मूल्याङ्कनअन्तर्गत प्रयोगात्मक कार्य, विद्यार्थीको कक्षा सहभागिता, सिकाइ व्यवहारमा आएको परिवर्तन, सिकाइ सम्बद्ध सिर्जनात्मक कार्यहरू आदि पर्ने छन् । यसलाई शिक्षकले निरन्तर मूल्याङ्कनका रूपमा सम्पन्न गर्नुपर्ने छ ।

५. आधारभूत तहको अन्तमा नगरस्तरीय परीक्षा सञ्चालन गरिने छ । उक्त परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत हुने छ । यसका लागि विशिष्टीकरण तालिका निर्माण गरिने छ । कक्षा ६ र ७ मा आवधिक मूल्याङ्कन (लिखित र प्रयोगात्मक) र प्रयोगात्मक कार्य तथा सक्षमता प्राप्तिको अवस्था आकलन दुवै मूल्याङ्कनमा अलग अलग उत्तीर्ण हुनुपर्ने छ । प्रयोगात्मक कार्य तथा सक्षमता प्राप्तिको अवस्था आकलनतर्फ अक्षराङ्क पद्धतिबाट अभिलेखीकरण गरिने छ । विद्यार्थीहरुका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ ।

**प्रयोगात्मक कार्य :** प्रयोगात्मक कार्यका लागि तल लेखिएबमोजिम घन्टीको व्यवस्था मिलाउनु पर्ने छ ।

- अवलोकन भ्रमणका लागि – १२ घन्टी
- परियोजना कार्य – १० घन्टी
- सरसफाइ अभियान – १० घन्टी
- चित्र/ नक्साङ्कन – १० घन्टी

- ग्रिनरी वर्क –१० घन्टी
- रचनात्मक कार्य– १२

  जम्मा ६४ घन्टी

**विद्यार्थी मूल्याङ्कन योजना :**

विद्यार्थी मूल्याङ्कन भनेको विद्यार्थीमा के कस्तो सिकाइउपलब्धि प्राप्त भयो वा भएन भनी हेर्ने प्रक्रिया हो । सङ्क्षेपमा भन्ने हो भने पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूपका ज्ञान, सिप र व्यवहार विद्यार्थीहरूले हासिल गरे गरेनन् वा कति मात्रामा हासिल गरे भनेर लेखाजोखा गर्ने कार्य नै **विद्यार्थी मूल्याङ्कन** हो । त्यसकारण मूल्याङ्कन र शिक्षणसिकाइ क्रियाकलाप एक अर्काका अभिन्न अङ्गका रूपमा रहेका हुन्छन् ।

विद्यार्थी मूल्याङ्कन गर्दा निर्णयात्मक मूल्याङ्कन -.(आवधिक परीक्षा ) र निरन्तर विद्यार्थी मूल्याङ्कनका आधारमा गर्नुपर्छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कनको अभिलेख निम्न आधारमा गर्न सकिन्छ ।

**श्री.........................विद्यालय**

**गोकर्णेश्वर नगरपालिका ......काठमाडौं**

निरन्तर विद्यार्थी मूल्याङ्कन फारम

विद्यार्थीको नाम :

कक्षा : सेक्सन : रोल नं. :

विषय :

विद्यार्थीको आमाको नाम :

बाबुको नाम :

विद्यार्थी भर्ना हुँदाको तौल : .................................. उचाइ : ...............................

कक्षाको अन्त्यम तौल : ...................................... उचाइ : ...............................

**शैक्षिक सत्र -२०७.... प्रथम /दोस्रो /वार्षिक परीक्षा**

**प्रगति विवरण**

| **क.सं** | **पाठको नाम** | **सिकाइ सक्षमता** | **मापनका साधनहरु** | | | | | **कुल पूर्णाङ्क ५** | **प्राप्ताङ्क** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **कक्षा कार्य १** | **गृहकार्य १** | **प्रश्नोत्तर १** | **परियोजना कार्य १** | **बोध अभ्यास १** | | | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| अन्य | अनुशासन तथा चारित्रिक | चरित्रवान नगरिक तयार गर्ने | आनीवानी २ | पोशाक सरसफाइ २ | रचनात्मक कार्य २ | अनुशासन समयपालन २ | उपस्थिति २ | १० | | |
| | पाठगत प्राप्ताङ्क | | | | | | | | | |
| | कुल प्राप्ताङ्क | | | | | | | | | |
| | Grade Point | | | | | | | | | |
| | कक्षा शिक्षाको सुझाव : ................................................................................................................ | | | | | | | | | |
| ................................................................................................................................................ | | | | | | | | | | |

................................ ....................................

कक्षा शिक्षकको दस्तखत प्रधानाध्यापकको दस्तखत

## आवधिक परीक्षाका लागि प्रश्न योजना

| क्र.सं. | प्रश्नका प्रकार | ज्ञान तह | बोध तह | उच्च दक्षता | व्यावहारिक सिप | जम्मा प्रश्न र पूर्णाङ्क | स्पष्टीकरण |
|---|---|---|---|---|---|---|---|
| १ | अति सङ्क्षिप्त | ४ | ३ | २ | १ | ९×१=९ | प्रत्येक पाठ वा विधाबाट एक एक वटा अति सङ्क्षिप्त प्रश्न सोध्ने |
| | सङ्क्षिप्त | ४ | ३ | २ | १ | ९×२.५=२२.५ | प्रत्येक पाठ वा विधाबाट दुई दुई वटा सङ्क्षिप्त प्रश्न सोध्ने |
| | खाली ठाउँ भर्ने | २ | २ | १ | १ | ६×०.५=३ | पाठको प्रकृति हेरी तथ्यात्कम विवरण कुनै तिन ओटा विकल्प मध्ये सर्वोत्तम विकल्प छानेर भर्ने |
| | जोडा मिलाउने | २ | २ | १ | १ | ६×०.५=३ | पाठको प्रकृति हेरी तथ्यात्कम विवरण दिइर एका पट्टी ६ र अर्का पट्टी ८ ओटा विकल्प दिई त्यस मध्ये सर्वेत्तम विकल्पमा जोडा मिलाउने । |
| | वर्णनात्क | | | २ | | ३×२=६ | पाठको सन्दर्भ संग मिल्ने कुनै दुई ओटा विषय वस्तु दिई वर्णन गर्न लगाउने । |
| | रायसुजाव तर्क प्रस्तुत गर्ने | | | | १ | १×३=३ | कुनै तथ्यमा आधारित भई सम्भावना राय सुजाव तर्क दिने खालको एक प्रश्न सोध्ने |
| | रचनात्मक कार्य चित्र नक्सा आदि कोर्ने | | | | १ | १×३.५=३.५ | स्तन्त्र ढङ्गले कुनै चित्र नक्सा बनाउने रङ्ग भर्ने वा स्थानीय लोक गीत वा कुनै सृजनात्मक रचना सम्बन्धी प्रश्न सोध्ने |
| | | १२ | १० | ८ | ६ | ५० | |